लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ५, अंक २१, २०७९ कार्त्तिक (Year 5, Issue 21, Oct/Nov, 2022)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	सर्वोच्च लेखापरीक्षण संस्थाहरुको चौविसौं अन्तर्राष्ट्रिय महाधिवेशन (इन्कोसाई) मा सहभागिता	३
२	महालेखा नियन्त्रकबाट अर्थिक वर्ष २०७८।७९ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण पेश	९
३	कार्यमूलक लेखापरीक्षणको सबलीकरण सम्बन्धी लिडरसिप फोरममा सहभागिता	१०
४	नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुसँगको अन्तरक्रिया	११
५	लेखापरीक्षण सल्लाहकार समितिको सत्रौं बैठक सम्पन्न	१४
६	संगठित संस्थाका पदाधिकारी र लेखापरीक्षकसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न	२०

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री महेश्वर काफ्ले

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री बालकृष्ण थापा

सदस्य
निर्देशक
श्री नेत्र प्रसाद पौडेल
श्री रमेश सुवेदी

लेखापरीक्षण अधिकारी
श्री विधान अर्याल
श्री दिवश शंकर अधिकारी

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित
श्री माधव अधिकारी

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

नोटिस बोर्ड नं. ६१८०१४२५३२७०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री घनश्याम पराजुली
सम्पर्क : +९७७-०१-४७७१५८२,
९८४१३६२२८६
ईमेल : gsparajuli@gmail.com

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री नेत्र प्रसाद पौडेल
सम्पर्क : +९७७-०१-४७७०६८७,
९८५१११७५११
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

लेखापरीक्षणको क्षेत्रमा हासिल आ-आफ्ना ज्ञान, अनुभव र सीपको आदान प्रदान गर्दै एकआपसमा द्विपक्षीय तथा बहुपक्षीय आपसी सम्बन्ध विकास एवं विस्तार गर्ने उद्देश्यका साथ सन १९५३ मा क्युवाको राजधानी हवानामा ३४ देशका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुखहरुको सहभागितामा आयोजित सम्मेलनबाट सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (International Organization of Supreme Audit Institution - INTOSAI) को स्थापना भएको हो । नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालय सन १९६८ देखि उक्त संगठनको सदस्यको रुपमा क्रियाशील रहँदै आएको छ । ईन्टोसाईका सबै सदस्यहरुको सहभागिता रहने यसको सर्वोच्च अंग महासभा अर्थात सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय महाधिवेशन (ईन्कोसाई) प्रत्येक तीन वर्षमा हुँदै आएको छ । यसले सर्वोच्च लेखापरीक्षण संस्थाको नीतिगत मार्गदर्शनका लागि समयसापेक्ष रुपमा लेखापरीक्षण सम्बन्धी विभिन्न घोषणा, सिद्धान्त, मानदण्ड, मार्गदर्शन (INTOSAI Framework of Professional Pronouncement -IFPP) स्वीकृत गर्दछ । यस्ता नीतिगत मार्गदर्शनले सदस्य राष्ट्रहरुको लेखापरीक्षण सम्बन्धी आन्तरिक नीतिगत तथा कानूनी सुधारमा सकारात्मक भूमिका खेल्दै आएको देखिन्छ ।

यो वर्षको नोभेम्बर ७ देखि ११ सम्म ब्राजिलको राजधानी रियो द जेनेरियोमा २४औं महाधिवेशन सम्पन्न भएको छ। सो महाधिवेशनले रियो घोषणापत्र

बाँकी पृष्ठ २२ मा

माननीय महालेखापरीक्षकज्यूको सन्देश



नेपालको संविधानको धारा २४१ अनुसार महालेखापरीक्षबाट तीन तहका सरकारका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानूनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण हुने व्यवस्था रहेको छ। नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा रहेको महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणबाट देखिएका तथ्य र प्रमुख व्यहोराहरु समावेश गरी संविधानको धारा २९४ (१) अनुसार वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गर्दै आएको छ। नेपालमा संघीयताको कार्यान्वयन पश्चात संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा ७ वटै प्रदेशको अलग अलग वार्षिक प्रतिवेदन तयार गरी आ.व. २०७५।७६ देखि सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश गरिदै आएको छ। त्यसैगरी स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम सम्बन्धित स्थानीय तहमा छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएका छन । लेखापरीक्षण प्रतिवेदनले सार्वजनिक निकायहरुले नागरिकलाई वस्तु तथा सेवा प्रदान गर्दा सार्वजनिक स्रोत साधनको परिचालन तथा प्रयोगमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका दृष्टिकोणका आधारमा समेत विचार गरी तथ्यहरु दर्शाएको, विश्लेषण एवं आलोचना गरेको र वित्तीय विवरण उचित उपर राय प्रकट गर्दै आएको छ। सार्वजनिक निकायबाट प्रचलित कानूनको पालना, वित्तीय कामकारवाहीमा जवाफदेहिता वहन, अद्यावधिक लेखा, कारोवारको स्थिति, स्रोतको चुहावट र सार्वजनिक सम्पत्तिको दुरुपयोग एवं त्यसको उचित संरक्षणको अभावमा हुने सरकारी हानी नोक्सानीका विषय उजागर गर्दै प्रतिवेदनको माध्यमबाट नागरिकको हित र वित्तीय सुशासन प्रवर्द्धन गर्न आवश्यक नीतिगत, कानूनी, संस्थागत सुधारका लागि सुझाव समेत प्रदान गरिदै आएको छ। सर्वोच्च लेखापरीक्षण संस्थाले यथासमयमा विश्वसनीय तथा गुणस्तरीय लेखापरीक्षण प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरी सोमार्फत प्रदान गरेका सुझाव र संसदको सार्वजनिक लेखासमितिले उक्त प्रतिवेदन उपर उचित समयमै वस्तुपरक ढंगबाट छलफल गरी कार्यपालिकालाई दिएको निर्देशनको प्रभावकारी कार्यान्वयनबाटै सार्वजनिक वित्त व्यवस्थापनमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ ।

महालेखापरीक्षकको कार्यालयले कोभिड-१९ महामारीबाट प्रभावित २ आर्थिक वर्ष बाहेक पछिल्ला सबै वर्षहरुमा आर्थिक वर्ष समाप्त भएको ८ महिनाभित्र चैत्रमा वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्दै आएको छ। संवैधानिक एवं कानूनी व्यवस्था अनुसार नेपाल सरकारले

बाँकी पृष्ठ १२ मा

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको चौविसौं अन्तर्राष्ट्रिय महाधिवेशन (ईन्कोसाई) मा सहभागिता



महासभामा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू सहित उप महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यू, नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीज्यू र सहभागी अन्य ।

सन १९५३ मा स्थापित विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको सर्वोच्च अंगको रुपमा रहेको अन्तर्राष्ट्रिय महाधिवेशन (ईन्कोसाई) प्रत्येक ३/३ वर्षमा आयोजना हुने गर्दछ । ब्राजिलको रियो दि जेनेरियोमा नोभेम्वर ७ देखि ११, २०२२ मा आयोजित चौविसौं अन्तर्राष्ट्रिय महाधिवेशन (ईन्कोसाई) मा नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको प्रतिनिधित्व गर्दै माननीय महालेखापरीक्षक टंकमणि शर्मा, दंगालको नेतृत्वमा उप-महालेखापरीक्षक श्री महेश्वर काफ्ले र नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारी सहभागि हुनु भएको रहेको थियो । उक्त महाधिवेशनमा विश्वभरवाट ७०० भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

यस चौविसौं अन्तर्राष्ट्रिय महाधिवेशन (ईन्कोसाई) मा "The work of Supreme Audit Institutions in the face of public calamities" र "Global voice, global outcome, and far-reaching impact" विषयक दुई मूख्य विषयहरुमा सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुखहरु तथा प्रतिनिधिहरु र अन्य सरोकारवालाहरुले छलफल गरी प्रस्ताव पारित भएको थियो ।

महाधिवेशनवाट ईण्टोसाईको गभर्निङ्ग बोर्डको तर्फवाट महासचिव, Professional Standards Committee (PSC), Capacity Building Committee (CBC), Knowledge Sharing Committee (KSC) / Policy, Finance and Administration Committee का अध्यक्षहरु तथा क्षेत्रीय संगठनहरुवाट पेश भएका प्रतिवेदन तथा प्रस्तावहरु उपर छलफल गरी पारित भएको थियो । साथै महाधिवेशवाट ईण्टोसाईका तीन कमिटीहरुवाट पेश भएका १२ वटा INTOSAI Professional Pronouncements समेत पारित भएको थियो ।

महाधिवेशनवाट कार्यकाल समाप्त भएका गभर्निङ्ग बोर्ड सदस्यहरुलाइ बिदाइ गरिएको थियो भने नयाँ गभर्निङ्ग बोर्डका सदस्यहरुलाई स्वागत गरिएको थियो भने लेखापरीक्षकको रूपमा लिथुआनिया र जमैकाको सर्वोच्च लेखापरीक्षण संस्थालाई नियुक्ती गरिएको थियो । साथै आगामी पच्चीसौं ईन्कोसाई सन २०२५ मा ईजिप्टमा गर्ने महाधिवेशनबाट निर्णय भएको छ ।

साथै, महाधिवेशनमा ईण्टोसाई सरोकारवाला संस्थाहरु संयुक्त राष्ट्र संघ, विश्व बैंक, इन्टर अमेरिकन विकास बैंक, लेखापालहरूको अन्तर्राष्ट्रिय महासंघ (आईफ्याक), आर्थिक सहयोग तथा विकास संघ (ओईसिडि), ईन्स्टिच्युट अफ ईन्टरनल अडिटर्सका प्रतिनिधिहरुले सार्वजनिक क्षेत्रको सुशासनमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको भूमिका वारे चर्चा गरेका थिए ।

महाधिवेशनको क्रममा सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा विभिन्न कोणवाट महत्वपूर्ण योगदान गर्ने संस्था तथा व्यक्तिलाई Jorg



चौविसौं इन्कोसाईमा सहभागी विभिन्न मुलुकका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख तथा प्रतिनिधीहरु ।

Kandutsch Award, Kimi Makwetu Award, Elmer B. Staats Award and SAI Young Leaders Award समेत प्रदान गरिएको थियो ।

महाधिवेशनले नोभेम्वर ११, २०२२ मा रियो घोषणापत्र जारी गरी सम्पन्न भएको थियो । उक्त घोषणापत्रमा Responsiveness of SAIs, Strengthening INTOSAI's global voice, Importance of core principles, and Improving collaboration with stakeholders लगायतका विषयहरुमा जोड दिईएको छ ।

साईड ईभेण्ट

महाधिवेशनमा नियमित एजेण्डाका अतिरिक्त विभिन्न विषयमा साईड ईभेण्टहरु समेत आयोजना भएका थिए । Forum on International Auditorian Governmental (FIAG) नामक संस्थाले २०२२ नोभेम्वर ८ देखि १० सम्म विभिन्न ७ विषयहरु (Sustainable development, Citizen engagement, Fight against corruption, Gender equality, Poverty reduction, Public debt, Digital transformation) मा छलफल तथा प्रस्तुतीकरणको आयोजना गरेको थियो । सो मध्ये "The work of Supreme Audit Institutions Towards Preventing Fraud and Corruption" विषयको तेस्रो सेसनमा नेपालका माननीय महालेखापरीक्षक टंकमणि शर्मा, दंगालले "The value of collaboration between SAIs and academics: the example of the Oxford Chandler Sessions" विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो । उक्त सेसनमा Blavatnik School of Government, University of Oxford का Professor Christopher Stone लगायतका वक्ताहरुले प्रस्तुतीकरण गर्नु भएको थियो ।



ब्राजिलको रियो द जेनेरियोमा २४ औं ईन्कोसाईको अवसरमा FIAG ले आयोजना गरेको छलफल तथा प्रस्तुतीकरण कार्यक्रममा अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुको भूमिका विषयमा प्रस्तुतीकरण गर्नु हुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू ।

ईण्टोसाई डेभलपमेण्ट ईनिसियटिभ (आईडिआई) लयायतका अन्य सर्वोच्च लेखापरीक्षण संस्थाहरुले आफ्ना नयाँ कार्यक्रम तथा पहलहरु वारेमा साईड ईभेण्ट आयोजना गरेका थिए ।

दुईपक्षीय तथा बहुपक्षीय बैठकहरुः

महाधिवेशनमा सहभागी भएका विभिन्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुले आपसी हितका लागि विभिन्न दुईपक्षीय तथा बहुपक्षीय बैठकहरु समेत गरेका थिए । यसै क्रममा नेपालको प्रतिनिधिमण्डलले Comptroller and Auditor General of India का Comptroller and Auditor General, Mr. Girish Chandra Murmu नेतृत्वको प्रतिनिधिमण्डल, Comptroller and Auditor General of Bangladesh का Comptroller and Auditor General, Mr. Mohammad Muslim Chowdhury नेतृत्वको प्रतिनिधिमण्डल, Royal Audit Authority of Bhutan का Auditor General Mr. Dasho Tashi र Supreme Audit Court of Iran का President Dr. Mehrdad Bazrpash नेतृत्वको प्रतिनिधिमण्डल बीच सार्वजनिक क्षेत्रको लेखापरीक्षणलाई सुदृढ गर्ने सम्वन्धमा आपसी सहयोग गर्ने बारेमा छुट्टाछुट्टै छलफल भएको थियो । उक्त छलफलबाट औपचारिक आपसी समझदारी गरी अघि बढने सहमति भएको छ । त्यस्तै Government Accountability Office संयुक्त राज्य अमेरिका, National Audit Office बेलायत, State Audit Institution युनाइटेड अरव इमरेट्स लगायत बिभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमखहरूसँग समेत द्वीपक्षीय सहयोगका वारेमा छलफल भएको थियो । यसबाट आगामी दिनमा कर्मचारीको क्षमता बिकास लगायत लेखापरीक्षणको अनुभव आदानप्रदान गर्ने सम्बन्धमा महत्वपूर्ण उपलव्धी हुने विश्वास गरिएको छ ।



भारतको सर्वोच्च लेखापरीक्षण संस्थाका नियन्त्रक तथा महालेखापरीक्षक श्री गिरीश चन्द्र मुर्मुज्यूसँग आपसी हितका विषयमा कुराकानी गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू र प्रतिनिधिमण्डलका सदस्यज्यूहरु ।



इरानको लेखापरीक्षण कोर्टका अध्यक्ष डा.मेहदाद बज्पासज्यूसँग सार्वजनिक लेखापरीक्षण सुदृढीकरण विषयमा कुराकानी पश्चात् माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू र प्रतिनिधिमण्डलका सदस्यज्यूहरु ।

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

चौबिसौँ ईन्कोसाईसँग सम्बन्धित तस्बीरहरु



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको साथमा भुटान, मंगोलिया र पपुवान्यूगिनीका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुखहरु क्रमशः श्री दासो टासी, श्री जान्दन बात दोर्जसुरेन र श्री गोर्डन केगा दायाँबाट तेस्रो, चौथो र पाँचौ सहित बंगलादेश र फिलिपिन्सका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिहरु क्रमशः बाँया तथा दाँयाबाट प्रथम ।



ब्राजिलियन संघीय लेखा अदालतका अध्यक्ष श्री ब्रुनो दाँतास र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू ।

१४ औं एशियन ओसेनियन स्टान्डर्ड सेटर्स ग्रुपको वार्षिक वैठक सम्पन्न



प्रमुख अतिथि माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू, अन्तर्राष्ट्रिय लेखामान बोर्डका अध्यक्ष डा. एन्ड्रियास बार्को, नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीज्यू र निर्देशक श्री रमेश सुवेदीज्यू सहित वार्षिक वैठकमा सहभागी स्टान्डर्ड सेटर्स ग्रुपका सदस्य तथा प्रतिनिधिहरु ।

२९ कार्तिक, २०७९

लेखामानबोर्ड, नेपालको आयोजनामा १४ औं एशियन ओशियन स्टान्डर्ड सेटर्स ग्रुपको बार्षिक वैठक नेपालको काठमाण्डौमा कार्तिक २८ देखि ३० गतेसम्म सम्पन्न भएको छ । सो वैठकमा एशियाली ओसेनियन क्षेत्रका भारत, चीन, पाकिस्तान, अष्ट्रेलिया, थाईल्याण्ड, जापान, नेपाल, साउदी अरेविया, न्यूजील्याण्ड, फिलिपिन्स, ब्रुनाई, दुवई, हङकङ, ईन्डोनेसिया, कोरिया, मकाओ, मलेसिया, माल्दिभ्स, सिंगापुर, श्रीलंका र भियतनाम गरी २१ मुलुकका सदस्यहरु उपस्थित रहेका थिए । त्यसैगरी उक्त वैठकमा अन्तर्राष्ट्रिय लेखामान बोर्डका अध्यक्ष डा. एन्ड्रियास बार्को सहित सो बोर्डका सदस्यहरु तथा कर्मचारीहरुको सहभागिता रहेको थियो । सदस्य मुलुकहरुमा कोभिड-१९ महामारी रहेको कारणले वैठक भर्चुअल तथा भौतिक उपस्थिति दुवै ढाँचामा सञ्चालनको व्यवस्था मिलाईएको थियो । यसले मुख्यतः उच्च गुणस्तरीय वित्तीय प्रतिवेदनको विकास तथा विश्वव्यापी लेखा मानदण्ड निर्धारणमा एशिया तथा ओसेनियन क्षेत्रको संलग्नता बढाउने एवं त्यसमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने र आईएफआरएस मानकहरुको निरन्तर प्रयोगलाई प्रोत्साहन गर्दै वित्तीय पारदर्शीता, जवाफदेहिता र दक्षता बढाउने कार्य गर्दछ । उक्त वैठकमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएको थियो । सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले वैठकको सफलताको शुभकामना प्रदान गर्नु हुँदै विश्वव्यापीरुपमा प्रविधिमा आएको गुणात्मक विकासले कारोवारको तरिकामा ल्याएको परिवर्तन अनुरुप त्यसको लेखांकन एवं प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार ल्याउँदै आम्दानी र खर्च सहित निकायको वित्तीय अवस्थाको यथार्थ चित्रण गरी पारदर्शिता प्रवर्द्धन गर्न लेखा मानदण्डको महत्वपूर्ण भूमिका रहेको बताउनु भएको थियो । नेपाल सरकारबाट नेपाल चाटर्ड एकान्टेन्ड्स ऐन, २०५३ बमोजिम गठित यस लेखामान बोर्डले अन्तराष्ट्रिय लेखा मानदण्डमा आधारित भई राष्ट्रिय लेखा मानदण्डहरु उपलब्ध गराउने, लेखा मानदण्डहरुको परिमार्जन, सुधार र व्याख्याको अतिरिक्त सो सम्वन्धी अन्य कार्यहरु गर्दै आएको छ । उक्त बैठक कार्यक्रममा महालेखापरीक्षकको कार्यालयको तर्फबाट नेपाल लेखामान बोर्डमा प्रतिनिधित्व गर्नु हुने नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारी र निर्देशक श्री रमेश सुवेदीको समेत सहभागिता रहेको थियो ।

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

National Evaluation Capacities (NEC) Conference 2022 मा सहभागिता

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) अन्तर्गत Independent Evaluation Office (IEO) तथा Global Evaluation Initiative द्वारा सन २०२२ नोभेम्बर २५ देखि २८ सम्म इटलीको टुरिनमा रहेको अन्तर्राष्ट्रिय श्रम संगठनको अन्तर्राष्ट्रिय तालिम केन्द्र (ITCILO) मा आयोजना भएको सातौ अन्तर्राष्ट्रिय National Evaluation Capacities (NEC) Conference, 2022 मा यस कार्यालयका नायब महालेखापरीक्षक श्री हुमनाथ सुवेदी सहभागी हुनुभएको थियो । उक्त सम्मेलनमा १०० भन्दा बढी राष्ट्रका सरकारी निकाय, बहुपक्षीय तथा द्विपक्षीय संस्था, सर्वोच्च लेखापरीक्षण संस्था, मूल्याङ्कन संगठन तथा संस्था एवं नागरिक संगठन लगायतका ३०० भन्दा बढी प्रतिनिधिको सहभागिता रहेको थियो । सो सम्मेलनको छलफलको विषयवस्तु Resilient National Evaluation Systems for Sustainable Development रहेको थियो । यसै विषयमा केन्द्रित रही प्रस्तुतीकरण छलफल तथा अन्तर्क्रिया भएको थियो । सम्मेलनमा विषयगत प्रशिक्षण सञ्चालन भएको थियो भने मूल्याङ्कनका नयाँ विधि, पद्धति, प्रक्रिया र मूल्याङ्कनमा संलग्न हुनसक्ने पक्षहरु सरकारी निकाय, निजी क्षेत्र, मूल्याङ्कन प्रयोजनका लागि स्थापना भएका संस्था, नागरिक संगठन लगायत को सहभागिता लगायतका विषयमा प्रस्तुतीकरण, छलफल तथा अन्तर्क्रिया र



IEO को मूल्याङ्कन सल्लाहकारसँग नायव महालेखापरीक्षक श्री हुमनाथ सुवेदीज्यू तथा नेपालका सहभागी ।

अनुभव आदानप्रदान भएको थियो । कोभिड-१९ महामारी, भूराजनीतिक अवस्था लगायतका समस्याका कारण दिगो विकास लक्ष्य हासिल गर्न देखापरेका समस्या र चुनौति समाधानका लागि राष्ट्रिय मूल्याङ्कन प्रणाली उत्थानशील (Resilient) हुनुपर्ने सम्मेलनको निचोड रहेको थियो । उक्त सम्मेलन टुरिन एजेण्डा पारित गरी सम्पन्न भएको थियो ।



सम्मेलनमा सहभागीहरुको सामुहिक तस्वीर ।

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

महालेखा नियन्त्रकबाट आर्थिक वर्ष २०७८।७९ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण पेश



माननीय महालेखापरीक्षकज्यू समक्ष आर्थिक वर्ष २०७८।८९ को केन्द्रिय लेखाको एकीकृत वित्तीय विवरण पेश गर्नुहुँदै महालेखा नियन्त्रक श्री हरि प्रसाद मैनाली ।

१५ कार्तिक, २०७९

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालसमक्ष महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) बमोजिम आर्थिक वर्ष २०७८।७९ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण महालेखापरीक्षकको कार्यालय, अनामनगरमा आयोजित एक कार्यक्रमवीच पेश गर्नु भएको छ ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले व्यवस्था गरे अनुसार आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नदेखिएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली कार्यान्वयनमा आएपनि सार्वजनिक सम्पत्तिको पूर्णरुपमा प्रविष्टि हुन नसक्दा त्यसको समग्र मूल्य न्यून देखिएको धारणा राख्नु भएको थियो । माननीय महालेखापरीक्षकज्यूले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट तथा सम्परीक्षण गराउन महालेखा नियन्त्रक कार्यालयको भूमिका महत्वपूर्ण हुने बताउनु भएको थियो । साथै उहाँले सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न निकायहरुले सञ्चालनमा ल्याएका विद्युतीय प्रणालीहरुको एक आपसमा आवद्धता एवं तिनीहरुको निरन्तर स्तरोन्नति, निकायहरुवीच उच्चस्तरको समन्वय र कानूनको परिपालना तथा अनुगमन निरीक्षण प्रणालीमा कार्यालयले अझ बढी ध्यान दिनु पर्ने आवश्यकता माथि जोड दिनु भएको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले महालेखा नियन्त्रक कार्यालयले तोकिएको अवधि भित्र वित्तीय विवरण तयार गरी पेश गर्न सफल भएकोमा सबैमा धन्यवाद व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा महालेखा नियन्त्रक श्री मैनालीले आर्थिक वर्ष २०७८।७९ को संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरु सहितको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण प्रतिवेदन भाग १ देखि १० सम्म पेश गरिएको र यसका लागि माननीय महालेखापरीक्षकज्यूबाट प्राप्त मार्गनिर्देशन प्रति आभार प्रकट गर्नुभएको थियो । उक्त कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका उप महालेखापरीक्षक, नायव महालेखापरीक्षक सहित सम्बद्ध कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

४५ जिल्लाको स्थलगत लेखापरीक्षण डोरको प्रस्तुतीकरण

६ कार्तिक, २०७९

लेखापरीक्षण योजना, २०७९ अनुसार पहिलो चरणको लेखापरीक्षण अन्तर्गत ४५ जिल्लाको स्थलगत लेखापरीक्षण डोरमा खटिएका टोली प्रमुखहरुबाट माननीय महालेखापरीक्षक टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा लेखापरीक्षणमा देखिएका प्रमुख व्यहोराहरुको सम्वन्धमा प्रस्तुतीकरण कार्य सम्पन्न भएको थियो । कार्यक्रममा उपमहालेखापरीक्षक, नायवमहालेखापरीक्षक र लेखापरीक्षण टोलीका सदस्यहरुको सहभागिता रहेको थियो । डोरको प्रस्तुतीकरण कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले प्रथम चरणको स्थलगत लेखापरीक्षण कार्य तोकिएको अवधिमा सफलतापूर्वक सम्पन्न गरेकोमा टोली प्रमुख सहित सदस्यहरुलाई धन्यवाद दिनुहुँदै यो चरणको लेखापरीक्षणमा देखिएका नयाँ विषयहरुलाई अर्को चरणको लेखापरीक्षणमा समेत समुचित ढंगबाट विश्लेषण गर्न र आगामी वर्षको लेखापरीक्षण योजनामा समावेश गर्न निर्देशन दिनु भएको थियो । सो कार्यक्रममा लेखापरीक्षण टोलीका प्रमुखहरुले लेखापरीक्षण अंक, वेरुजु अंक, लेखापरीक्षणको क्रममा देखिएका प्रमुख व्यहोराहरु, आइपरेका प्रमुख समस्याहरु तथा डोर परिचालन तथा व्यवस्थापनमा गर्नुपर्ने सुधारका विषयहरु प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन असोज २६ गतेदेखि ५ दिनसम्म कार्यालयको सभाकक्षमा गरिएको थियो ।

कार्यमूलक लेखापरीक्षणको सबलीकरण सम्वन्धी लिडरसिप फोरममा सहभागिता



एशिया प्रशान्त क्षेत्रमा कार्यमूलक लेखापरीक्षणको सवलीकरण सम्वन्धी फिलिपिन्सको मनिलामा आयोजित फोरममा आफ्ना धारण राख्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू साथमा विभिन्न मुलुकका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख एवं प्रतिनिधिहरु ।

ईण्टोसाई डेभलपमेण्ट ईनिसियटिभ (आई डि आई) र एशियाली विकास बैंकको आयोजनामा अक्टोवर २०,२०२२ मा फिलिपिन्सको मनिलामा आयोजित एसिया तथा प्रशान्त क्षेत्रमा कार्यमूलक लेखापरीक्षणको सबलीकरण सम्बन्धी लिडरसिप फोरम तथा प्रतिवद्धतापत्रमा हस्ताक्षर कार्यक्रममा नेपालका माननीय महालेखापरीक्षक माननीय टंकमणि शर्मा, दंगालको नेतृत्वमा नायव महालेखापरीक्षक श्री चन्द्र कान्त भण्डारीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा भुटान, पपुवा न्यूगिनी र मंगोलियाको सर्वोच्च लेखापरीक्षण संस्थाका महालेखापरीक्षकहरु तथा बंगलादेशको सर्वोच्च लेखापरीक्षण संस्थाका उप-महालेखापरीक्षक र फिलिपिन्सको सर्वोच्च लेखापरीक्षण संस्थाका सहायक कमिसनर नेतृत्वको प्रतिनिधिमण्डलको समेत सहभागिता रहेको थियो । साथै एशियाली विकास बैंकका महालेखापरीक्षक र वित्त व्यवस्थापनसँग सम्वन्धित उच्च पदाधिकारीहरु र ईण्टोसाई डेभलपमेण्ट ईनिसियटिभ (आईडिआई) को डेपुटी डाईरेक्टर जनरल नेतृत्वको टोली आयोजकको रुपमा रहेको थियो ।

उक्त अवसरमा Why Performance Audits Matter ? Opportunities and Challenges for Sustainable Performance Audit Practices विषयमा सहभागीहरुबीच छलफल र विचार विमर्श भएको थियो । उक्त छलफलवाट कार्यमूलक लेखापरीक्षणको माध्यमवाट सार्वजनिक क्षेत्रको सुशासन र सेवा प्रवाहमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुले उल्लेख्य र प्रभावकारी भूमिका खेल्न सक्ने विचार व्यक्त भएको थियो । यही तथ्यलाई मननगरी कार्यमूलक लेखापरीक्षणलाई थप सवल र प्रभावकारी बनाउन संस्थागत तथा लेखापरीक्षकको तहमा क्षमता अभिवृद्धिको आवश्यकता रहेको तर्फ समेत विचार व्यक्त भएको थियो ।

कार्यक्रमको अन्तमा एशियाली विकास बैंकको प्राविधिक सहयोग अन्तर्गत ईण्टोसाई डेभलपमेण्ट ईनिसियटिभ (आईडिआई) वाट सञ्चालन हुने ISSAI Implementation Needs Assessment for Performance Audit (IINA-PA) मा सहभागीता जनाउने गरी सहभागी ६ सर्वोच्च लेखापरीक्षण संस्थाको प्रतिनिधिमण्डल र ईण्टोसाई डेभलपमेण्ट ईनिसियटिभ (आईडिआई) बीच Statement of Commitment मा हस्ताक्षर गरिएको थियो । सन २०२३ भित्र गरिसक्ने उक्त आवश्यकता पहिचानबाट देखिएका व्यहोराको आधारमा थप क्षमता अभिवृद्धिका कार्यक्रम अघि बढाउने गरी छलफल भएको थियो ।

वर्ष ५, अंक २१, २०७९ कार्त्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुसँगको अन्तरक्रिया



आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षणका सम्बन्धमा नेपाल सरकारका लेखाउत्तरदायी अधिकृतहरुलाई जानकारी प्रदान गुर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल साथमा नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीज्यू र उप-महालेखापरीक्षकहरु ।

३० आश्विन, २०७९

माननीय महालेखापरीक्षक श्री टंकमणि, शर्मा दंगालज्यूको उपस्थितिमा महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुसँग आर्थिक वर्ष २०७८।७९ को अन्तिम लेखापरीक्षणको नीति, योजना तथा कार्यक्रमका सम्वन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम महालेखापरीक्षकको कार्यालय अनामनगरमा सम्पन्न गरेको छ । अन्तरक्रिया कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव, विभिन्न मन्त्रालय तथा आयोगका सचिवहरु सहित महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

अन्तरक्रिया कार्यक्रमलाई सम्वोधन गर्दै माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको यो वर्षको वार्षिक लेखापरीक्षण नीति, योजना तथा कार्यतालिका र लेखापरीक्षण अवस्थाका विषयमा जानकारी प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले आफूले वार्षिक लेखापरीक्षण योजना देखि प्रतिवेदनसम्मका महत्वपूर्ण चरणहरुमा सम्वन्धित सरोकारवालाको सहभागितालाई सदैव उच्च महत्व प्रदान गर्दै आएको बताउनु हुँदै अघिल्लो वर्षमा बेरुजु फर्स्यौट अपेक्षित रुपमा हुन नसकेको तर्फ लेखा उत्तरदायी अधिकृतहरुको ध्यानाकर्षण गराउनु भएको थियो । यो वर्षमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था र सार्वजनिक लेखा समितिको मिति २०७९।०३।१७ को पत्र अनुसार सो समितिको निर्णयानुसार लगत कट्टा गर्ने कार्य बाहेक संघीय कार्यालयहरुको सम्परीक्षण कार्य हाल स्थगन गरिएको उल्लेख गर्नु भयो । महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरुमा दुई तिहाई भन्दा वढी हिस्सा अनियमित वेरुजु रहने गरेको तथ्य प्रस्तुत गर्नु हुँदै उक्त वेरुजुमा कमी ल्याउन लेखापरीक्षणको लागि आर्थिक कारोवारको स्रेस्ता तथा प्रमाण कागजातहरु पेश गर्ने, लेखापरीक्षणबाट देखिएका व्यहोराको छलफलमा जिम्मेवार व्यक्ति अनिवार्य उपस्थित हुने व्यवस्थाको लागि आग्रह गर्नु भएको थियो । प्रत्येक वर्ष मुलुकमा वेरुजु थपिदै जाँदा यसको कुल अंक उच्च रहेको तथ्यांक प्रस्तुत गर्नुहुँदै यो वर्ष वेरुजु फर्स्यौटबाट भन्दा वेरुजु नआउने तर्फ सम्वद्ध पदाधिकारीहरु क्रियाशील भई समग्रमा वेरुजु घट्ने गरी कार्य गर्न जोड दिनु भयो । कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास वैरागीज्यूले गत वर्षमा वेरुजु फर्स्यौटको लक्ष्य अनुसार प्रगति हासिल हुन नसकेको स्वीकार गर्दै वढ्दो वेरुजुले घट्दो उत्तरदायित्व तथा जिम्मेवारीको स्थिति दर्शाएको बताउनु भएको थियो । आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनका लागि यस सम्वन्धी जनशक्ति विशिष्टिकरणमा जोड दिएकोमा सो अनुसार प्रभावकारी भए नभएको सम्वन्धमा अध्ययन हुनु पर्ने उल्लेख गर्नु भयो । सो कार्यक्रममा उहाँले कानून कार्यान्वयनको पक्ष कमजोर हुँदा जवाफदेहिता समेत घट्दै गएको बताउनुहुँदै त्यसो हुन नदिन सम्वद्ध पदाधिकारीहरुले तोकिएको जिम्मेवारी निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो । कार्यक्रममा लेखाउत्तरदायी अधिकृतहरुले वेरुजु फर्स्यौटका लागि जिम्मेवार पदाधिकारीहरुमा आफ्नो कार्यकालको वेरुजुप्रति संवेदनशील हुने तर अन्यको हकमा आवश्यक तदारुकता

नदेखाउने प्रवृत्ति रहेको एवं कतिपय नीतिगत अस्पष्टता र कानूनी जटिलताले पनि वेरुजु बढेको बताउनु भएको थियो । छोटो समयमा केन्द्रीयस्तरको संगठन संरचनामा हुने फेरवदलले समेत बेरुजु फर्स्यौट गराउन कठिन भएको धारणा राख्नु भएको थियो । लेखा उत्तरदायी अधिकृतहरुले यो वर्षको महालेखापरीक्षकको लेखापरीक्षण योजना तथा कार्यक्रम कार्यान्वयनमा सघाउ पुर्याउन सम्वद्ध निकायबाट कानून बमोजिम तोकिएको भूमिकामा कमी आउन नदिईने प्रतिवद्धता जनाउनु भएको थियो । कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीज्यूले लेखापरीक्षण सम्वन्धी संवैधानिक एवं कानूनी व्यवस्था, यो वर्ष लेखापरीक्षण गर्ने निकायहरुको जोखिममा आधारित वर्गिकरण, वेरुजु फर्स्यौट स्थिति र लेखापरीक्षणको आगामी कार्यक्रम समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।



कार्यक्रममा उपस्थित नेपाल सरकारका लेखाउत्तरदायी अधिकृतहरु तथा अन्य ।

चाडपर्वको शुभकामना आदानप्रदान कार्यक्रम

१३ असोज, २०७९

महालेखापरीक्षकको कार्यालयले २०७९ सालको नेपालीहरुका प्रमुख चाडपर्वहरु वडादशैं, नेपाल सम्वत, तिहार र छठको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम महालेखापरीक्षकको कार्यालय अनामनगरमा सम्पन्न गरेको थियो । कार्यालयले यस्तो कार्यक्रमको आयोजना विगत वर्षहरुमा समेत गर्दै आएको र पछिल्लो दुई वर्ष कोभिड महामारीको कारणबाट भौतिक उपस्थितिमा कार्यक्रम हुन नसकेकोमा यस वर्ष देखि भने त्यसलाई निरन्तरता प्रदान गरेको छ । यो वर्षको लेखापरीक्षण कार्यक्रम अनुसार ४५ जिल्लाको एकल तथा संयुक्त लेखापरीक्षण डोर सम्पन्न गरी कार्यालयमा सवै कर्मचारी फर्किसकेको परिस्थितिमा कर्मचारीहरुको उपस्थितिमा उक्त कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले वर्षातकोकारण आवत जावतमा भएको कठिनाई तथा मौसमी प्रतिकूलताको वावजुद पहिलो चरणको स्थलगत लेखापरीक्षण डोर सम्पन्न गरेर कर्मचारीहरु कार्यालयमा फर्केकोमा धन्यवाद प्रदान गर्नुहुँदै आउँदै गरेका नेपालीहरुका महानचाडपर्वहरु वडा दशैं, नेपाल सम्वत, तिहार र छठको उपलक्ष्यमा सम्पूर्ण कर्मचारी एवं तिनीहरुका परिवारहरुमा सुख शान्ति, सुस्वास्थ्य, दीर्घायु तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नु भएको थियो । कार्यक्रममा उपमहालेखापरीक्षद्वय श्री वामदेव शर्मा अधिकारी र श्री विन्दु विष्टले पहिलो चरणको स्थलगत लेखापरीक्षण कार्य सफलतापूर्वक सम्पन्न गरेकोमा सवैमा आभार प्रकट गर्दै नजिक आउँदै गरेका नेपालीहरुका महान पर्वहरुको शुभकामना सहितको मन्तव्य राख्नु भएको थियो भने नायव महालेखापरीक्षक श्री त्रिलोचन आचार्यले कविता बाचन गरी सवैमा शुभकामना व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रममा कार्यालयमा क्रियाशील कर्मचारीहरुका संगठनको तर्फबाट लेखापरीक्षण अधिकारी श्री जयानन्द पाण्डेले भर्खरै सम्पन्न लेखापरीक्षण डोरका अनुभूति सहित सवैमा शुभकामना राख्नु भएको थियो । सो कार्यक्रमको प्रारम्भमा नायव महालेखापरीक्षक श्री बालकृष्ण थापाले स्वागत मन्तव्य सहित शुभकामना प्रकट गर्नु भएको थियो ।

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

काठमाण्डौ उपत्यकाका स्थानीय तहका पदाधिकारीहरुसँग अन्तरक्रिया



आर्थिक वर्ष २०७८।७९ को अन्तिम लेखापरीक्षणका सम्बन्धमा अख्तियार गरिएको लेखापरीक्षण नीतिका सम्बन्धमा जानकारी दिनुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू साथमा काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहज्यू सहित कार्यक्रममा उपस्थित काठमाडौँ उपत्यकाका स्थानीय तहका पदाधिकारीज्यूहरु र अन्य ।

५ असोज, २०७९

महालेखापरीक्षकको कार्यालयले माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा काठमाण्डौ उपत्यका भित्रका स्थानीय तहका पदाधिकारीहरुसँग आर्थिक वर्ष २०७८।७९ को अन्तिम लेखापरीक्षण सम्वन्धमा महालेखापरीक्षकको कार्यालय अनामनगरमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सो कार्यक्रममा काठमाण्डौ उपत्यकाभित्रका महानगरपालिका र नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी तथा महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सम्वोधन गर्नु हुँदै सवै स्थानीय तहको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका आधारमा वार्षिक लेखापरीक्षण नीति, योजना तथा कार्यक्रम अनुसार हुँदै आएको र यो वर्ष चैत्र मसान्तभित्र वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने गरी कार्य अगाडि बढिरहेको जानकारी दिनु भएको थियो । स्थानीय सरकार नागरिकको सवैभन्दा नजिकको सरकार भएकोले नागरिकबाट यसका सम्पूर्ण कामकारवाहीहरुको निगरानी भईरहेको हुन्छ भने स्थानीय सरकारले पनि आफ्नो भौगोलिक क्षेत्रमा सञ्चालनमा रहेका स्थानीयतहका योजनाका अतिरिक्त संघ, प्रदेश र गैर सरकारी संघसंस्थाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको समेत अनुगमन गर्ने जिम्मेवारी रहेको बताउनु भयो । महालेखापरीक्षकज्यूले स्थानीय तहहरुको सम्पूर्ण बेरुजु मध्ये साठी प्रतिशत भन्दा बढी अनियमित प्रकृतिको बेरुजु हुने गरेको उल्लेख गर्नुहुँदै नागरिकको प्रत्यक्ष सहभागिता रहने सरकारको वेरुजु विधि, प्रमाण, कागजात र स्रेस्ता नमिलाएर हुनुले सम्वन्धित सरोकारवालामा सकारात्मक सन्देश प्रवाह नहुने धारणा राख्नु भएको थियो । त्यसैगरी प्रत्येक वर्षको स्थानीय तहहरुको बेरुजुमा एकै खालका खासगरी अवण्डा, वैंक हिसाव मिलान, नभएको घटी जिम्मेवारी, सशर्त अनुदानको रकम फिर्ता नभएको, नियम विपरित भुक्तानी गरिएका सेवासुविधा जस्ता व्यहोराहरु आउनु आफैमा कानून पालनाको कमजोर स्थितिको संकेत रहेको बताउनु हुँदै नवनिर्वाचित स्थानीय तहको नेतृत्वले यस्ता विषयहरु नदोहोरिने गरी काम गर्ने विश्वास समेत व्यक्त गर्नु भएको थियो । कार्यक्रममा काठमाण्डौ महानगरपालिकाका प्रमुख श्री वालेन्द्र शाहज्यूले बेरुजुमा कमी ल्याउन आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणलाई सुदृढीकरण गर्नु पर्ने आवश्यकतामा जोड दिनु भएको थियो । कार्यक्रममा उपमहालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले अधिकांश स्थानीय तहहरुको विनियोजनमा दक्षता, आन्तरिक स्रोत परिचालनमा प्रभावकारिता नदेखिदा कार्यक्रमहरुको दिगोपना र आत्मनिर्भरताको पक्ष कमजोर रहेको बताउनु भएको थियो । कार्यक्रममा उपस्थित स्थानीय तहका पदाधिकारीहरुले कार्यसम्पादनका क्रममा आउने समस्या, स्थानीय तहको आवश्यकता र बाध्यताका आधारमा खर्च गर्नुपर्ने विषयहरु, कार्यक्रम कार्यान्वयनका चुनौति र लेखापरीक्षणका विषयमा आ-आफ्ना धारणा राख्नु भएको थियो । छलफलका क्रममा सहभागीहरुले स्थानीय तहका बेरुजुहरुमा एकरुपता नभएको, स्थानीय तहको संस्थागत क्षमता, मौजुदा काम, कर्तव्य र भूमिका अनुरुप सुदृढ हुन नसकेको, जनप्रतिनिधिहरुमा कानूनी, प्राविधिक र वित्तीय ज्ञानको कमी रहेको, विकास निर्माणको अग्र भागमा उपभोक्ता समिति रहेता पनि कामलाई ठेकेदार मार्फत गराउने प्रवृत्ति घट्न नसकेको, खरिद कानून जटिल तथा प्रक्रियामुखी भएको जस्ता समस्याहरु अवगत गराउनु भएको थियो । कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले स्थानीय तहको आर्थिक कार्यप्रणाली, कानूनी व्यवस्था, राजस्व अधिकार र वित्तीय सुशासनको आगामी कार्यदिशा समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

लेखापरीक्षण सल्लाहकार समितिको सत्रौं वैठक सम्पन्न



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू र सल्लाहकार समितिका सदस्यज्यूहरु ।

४ असोज, २०७९

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको अध्यक्षतामा लेखापरीक्षण सल्लाहकार समितिको १७ औँ वैठक महालेखापरीक्षकको कार्यालय, अनामनगरमा सम्पन्न भयो । उक्त बैठकमा महालेखापरीक्षकको कार्यालयले ५९ औं वार्षिक प्रतिवेदन पहिलो पटक नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को कार्यान्वयन गरी राष्ट्रपतिसमक्ष पेश गरेको र यो वर्ष देखि त्यसलाई निरन्तरता प्रदान गर्दै लेखापरीक्षण योजना देखि प्रतिवेदनसम्मका सवै कार्यहरुलाई यसै प्रणालीबाट सम्पादन गर्न लेखापरीक्षण गर्ने निकायको वित्तीय विवरण सहित आवश्यक कागजात अपलोड गर्न मिल्ने बनाईएको र ४५ जिल्लामा जोखिममा आधारित भई लेखापरीक्षण गर्न लेखापरीक्षण टोलीहरु खटाईएको जानकारी गराईएको थियो । सो वैठकमा लेखापरीक्षण योजना, २०७९ अनुसार लेखापरीक्षण जोखिमका प्रमुख विषयहरु, लेखापरीक्षण नीति, कार्यक्रम, कार्यतालिका, यो वर्ष छनौट गरिएका कार्यमूलक लेखापरीक्षणका विषयहरु प्रस्तुत गरिएको थियो । यो वर्ष नेपालमा संघीयता कार्यान्वयनमा आएको पहिलो पाँच वर्षको अवधिमा प्राप्त उपलव्धिको मूल्यांकन गरिने जानकारी गराईएको थियो ।

बैठकमा माननीय महालेखापरीक्षकज्यूले सल्लाहकार समितिका नवसदस्यद्वय श्री रामुप्रसाद डोटेल र श्री भास्करसिंह लालालाई समितिमा स्वागत गर्दै उहाँहरुको ज्ञान, प्रशासनिक अनुभव र दक्षता लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गर्न महत्वपूर्ण हुने विश्वास लिनु भएको थियो । वैठकले १६ औं सल्लाहकार समितिबाट गठन गरिएका उपसमितिका संयोजक, सहजकर्ता तथा सदस्य सचिवहरुमा सामान्य परिवर्तन गरेको थियो । वैठकमा सल्लाहकार समितिका पदाधिकारीहरुले संघीय प्रणालीको अवलम्वन पश्चात नयाँ कार्यालय थपिने तर साविकका कतिपय विभाग तथा कार्यालयहरु यथावत रहँदा सार्वजनिक खर्च बढ्दै गएको, पहाडी भेगमा सडक पूर्वाधारहरुको विस्तार तथा स्तरोन्नति हुँदै गए पनि वैदेशिक रोजगारी र शहरीक्षेत्र एवं तराईक्षेत्रको बसाईसराईले गर्दा गाउँहरु रित्तिदै गएको, सार्वजनिक शैक्षिक पूर्वाधारहरुको विकास भएपनि विद्यार्थीहरुको उपस्थिति र आकर्षण सो अनुरुप नदेखिएको, स्वास्थ्य पूर्वाधारमा सुधार देखिएपनि स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच बढ्न नसकेको जनाउँदै यस्ता विषयहरुको तथ्यगत विश्लेषण गरी वार्षिक प्रतिवेदनमा समेट्न सुझाव दिनु भएको थियो ।

त्यसै गरी सो वैठकमा समितिका सदस्यहरुले प्रदेश तथा स्थानीय तहबाट स्रोत साधनको विनियोजन वास्तविक प्राथमिकता प्राप्त क्षेत्रमा हुनुपर्नेमा प्रतिष्ठान, समिति, द्वार एवं भ्यू टावरहरुको निर्माणमा जाने गरेको, तल्ला तहका सरकारहरुले कर तथा शुल्कमा उल्लेख्य रुपमा वृद्धि गरेपनि सो अनुरुप सेवा प्रवाहमा सुधार नहुँदा नागरिक असन्तुष्टि बढ्दै गएको, सार्वजनिक खरिद कानूनहरुमा गरिएको पटक पटकको संशोधनले सार्वजनिक हितलाई प्रवर्द्धन गर्न नसकेको, सडक पूर्वाधारहरुको संख्यात्मक विकास भएतापनि गुणस्तरीयताको अभाव देखिएको, ठूला आयोजनाहरु थप्दैजाने तिनीहरु कहिले सम्पन्न गर्ने हो त्यसको टुंगो नदेखिएको, तहगत सरकारको संवैधानिक एवं कानूनी काम, कर्तव्य र अधिकार बमोजिम योजना प्रणाली सञ्चालन हुन नसकेको, नेतृत्वमा बढेको महत्वकांक्षा अनुरुप कार्यान्वयन क्षमतामा सुधार नदेखिएको, महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको कार्यान्वयनमा तीन तहका सरकारको गम्भीरता र तदारुकताको कमी देखिएको,

सार्वजनिक ऋणको भार बढ्दै गएपनि नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुन नसकेको, वित्तीय स्थायीत्वमा विचलन देखिन थालेको, सरकारको सक्षमताका आधारमा सामाजिक सुरक्षा कार्यक्रम विस्तार नभएको धारणा राख्दै यस्ता विषयहरुलाई वार्षिक प्रतिवेदनले ठोस विश्लेषण गरी निरन्तर उजागर गर्नुपर्ने आवश्यकतामा जोड दिनु भएको थियो । कार्यक्रमको अन्त्यमा माननीय महालेखापरीक्षकज्यूले वैठकमा समितिका सदस्यज्यूहरुले अमूल्य सुझाउ एवं मार्गदर्शन प्रदान गर्नु भएकोमा हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दै संस्थागत र कार्यगत क्षमता अनुरुप तिनीहरुको वस्तुगत विश्लेषण गरी वार्षिक प्रतिवेदनमा समावेश गर्न प्रयत्नरत रहने बताउनु भएको थियो ।



सल्लाहकार समितिका सदस्यज्यूहरु, उप-महालेखापरीक्षकज्यूहरु तथा अन्य कर्मचारीहरु ।

संविधान दिवसमा कर्मचारीहरु विभूषित

३ असोज, २०७९

संविधान दिवस, २०७९ को अवसरमा नेपाल सरकारले राष्ट्रिय जीवनका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, अन्वेषणात्मक लगायत अन्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका नेपाली नागरिक तथा राष्ट्रसेवक कर्मचारीहरुलाई विभिन्न विभूषण तथा पदकबाट सम्मान गरेको छ। यो वर्ष महालेखापरीक्षकको कार्यालयमा कार्यरत नायव महालेखापरीक्षकद्वय श्री घनश्याम पराजुली र श्री नेत्रकुमार खत्री सुप्रवल जनसेवा श्री (तृतीय श्रेणी) बाट विभूषित हुनुभएको छ । त्यसैगरी लेखापरीक्षण अधिकारी श्री सिर्जना रिमाल प्रवल जनसेवा श्री (चतुर्थ श्रेणी) बाट विभूषित हुनु भएको छ। माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले यो वर्ष संविधान दिवसको उपलक्ष्यमा महालेखापरीक्षकको कार्यालयका विभूषित हुनुहुने सवै कर्मचारीहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भएको छ ।

माननीय...

जेठ १५ मा आगामी आर्थिक वर्षका लागि बजेट पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले उठाएका महत्वपूर्ण नीतिगत विषयहरुलाई सरकारको नीति तथा कार्यक्रम र बजेट मार्फत समुचित रुपमा सम्बोधन गर्न सकिने भएकोले पनि चैत्रमसान्त भित्र वार्षिक प्रतिवेदन पेश गर्नु आवश्यक देखिन्छ । त्यसैगरी यथासमयमा वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्दा महालेखापरीक्षकको कार्यालयको समकक्षीबाट हुने मूल्यांकनमा समेत सकारात्मक योगदान पुर्याउन सक्दछ । यसबाट नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको छविलाई अन्तर्राष्ट्रिय मञ्चमा थप उँचो बनाउन मद्यत पुग्दछ । महालेखापरीक्षकको रुपमा मलाई सुम्पिएको जिम्मेवारी अनुसार महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन मेरो कार्य अवधिको अन्तिम वार्षिक प्रतिवेदन पनि हो । स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०७९ बमोजिमको लेखापरीक्षण नीति, योजना र कार्यक्रमले समेत चैत्र मसान्त भित्र वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गर्नेगरी समग्र लेखापरीक्षण कार्यलाई अगाडि बढाएको सर्वविदितै छ । तसर्थ लेखापरीक्षण कार्यसम्पादनको क्रममा उच्च पेशागत मूल्य, मान्यता, मर्यादा र आचरणलाई सर्वोपरी रुपमा आत्मसात गर्दै तोकिएको कार्य जिम्मेवारीलाई समयमा सम्पन्न गरी संवैधानिक एवं कानूनी दायित्व निर्वाह गर्ने कार्यमा सदाझै सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुबाट पूर्ण साथ, सहयोग सहकार्य हुने विश्वास लिएको छु ।

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

लुम्बिनी प्रदेश सरकार र महालेखापरीक्षकको कार्यालयबीचको अन्तरक्रिया कार्यक्रम



लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री श्री कुलप्रसाद केसीज्यू, माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू, प्रदेश सभा सार्वजनिक लेखासमितिका माननीय सभापति श्री दिष्णुप्रसाद पन्थीज्यू, प्रदेश प्रमुख सचिव डा. दिपक काफ्लेज्यू र अन्य पदाधिकारीहरु तथा कर्मचारीहरु

२८ भाद्र, २०७९

लुम्बिनी प्रदेश सभाको सार्वजनिक लेखा समितिको आयोजनामा लुम्बिनी प्रदेश सरकार र महालेखापरीक्षकको कार्यालयबीच अन्तरक्रिया कार्यक्रम लुम्बिनी प्रदेशको बुटवलमा सम्पन्न भयो । सो कार्यक्रम लुम्बिनी प्रदेश सार्वजनिक लेखा समितिका माननीय सभापति श्री विष्णुप्रसाद पन्थीको अध्यक्षतामा भएको थियो । उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री श्री कुलप्रसाद केसीज्यू, माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू, लुम्बिनी प्रदेश सभाका माननीय सभामुख श्री पूर्ण बहादुर घर्तिज्यू सहित लुम्बिनी प्रदेश सरकारका मन्त्रीहरु, सार्वजनिक लेखासमितिका सदस्यहरु, लुम्बिनी प्रदेश सरकारको प्रमुख सचिव, लुम्बिनी प्रदेश मन्त्रालयका सचिवहरु र प्रदेश सभाका कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा लुम्बिनी प्रदेशका माननीय मुख्य मन्त्री श्री कुलप्रसाद केसीज्यूले सरकारको योजना व्यवस्थापन प्रणाली चुस्त र व्यवस्थित हुन नसक्दा मझौला तथा ठूला योजनाहरु तोकिएको लागत, समय र गुणस्तरमा सम्पन्न हुन नसकेको बताउनु हुँदै यसले प्रत्येक वर्षमा बेरुजु बढाईरहेको धारणा राख्नु भयो । उहाँले स्रोत साधनको अभाव भन्दा पनि परिचालन र त्यसलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह हुने पद्धति बसाउनु नै प्रदेश सरकारको प्रमुख चुनौतिको रुपमा रहेको उल्लेख गर्नु भएको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले ७६१ सरकार हरुको एकमात्र महालेखापरीक्षकको संवैधानिक व्यवस्था गरिएको चर्चा गर्नुहुँदै लेखापरीक्षणबाट सबै तहगत सरकारहरुको बेरुजु बढ्दै गएको, कानुन पालनाको स्थिति कमजोर रहेको र वार्षिक प्रतिवेदन कार्यान्वयनको अवस्था सन्तोषजनक नदेखिएकोले समग्रमा वित्तीय अनुशासनमा सुधार हुन नसकेको उल्लेख गर्नु भएको थियो । माननीय महालेखापरीक्षकज्यूले संघीयता कार्यान्वयनको पहिलो पाँच वर्ष पूरा हुन थालेकोमा महालेखापरीक्षकको कार्यालयले यस वर्ष तहगत सरकारको मुख्यत: वित्तीय संघीयता कार्यान्वयनको तुलनात्मक अध्ययन गरी त्यसको प्रतिवेदन गर्ने सोंच रहेको बताउनु भएको थियो । अन्तरक्रिया कार्यक्रममा लुम्बिनी प्रदेश सभाका माननीय सभामुख श्री पूर्ण बहादुर घर्तिज्यूले प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनमा प्रदेश सभाको सदैव सकारात्मक भूमिका रहने उल्लेख गर्नु भएको थियो । प्रदेश सभा सार्वजनिक लेखा समितिका माननीय सभापति श्री विष्णुप्रसाद पन्थीले प्रदेश सभाको पहिलो कार्यकालमा नयाँ कार्यको अभ्यास भएकोले सार्वजनिक लेखासमितिको भूमिका अपेक्षित रुपमा प्रभावकारी हुन नसक्दा प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था कमजोर नै रहेको बताउनु भएको थियो । उहाँले प्रदेशको सार्वजनिक लेखा समितिको भूमिकालाई सवल र प्रभावकारी बनाउन महालेखापरीक्षकको कार्यालयले आवश्यक सहयोग पुर्याउन सक्ने विश्वास व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका प्रमुख सचिव डा. दिपक काफ्लेज्यूले मन्त्रालयगत बेरूजु फर्स्यौट गर्न तथा आर्थिक अनुशासन कायम गर्न प्रत्येक सचिव बैठकमा आर्थिक अनुशासन र बेरूजु फर्स्यौटलाई एजेण्डाको रुपमा राखिएको, प्रदेश सरकारले मन्त्रालयहरुको संख्या लाई थप गर्दा पहिला एउटा मन्त्रालयमा भएको बेरूजुलाई कसरी व्यवस्थापन गर्ने समस्या परेको विषय समेत अवगत गराउनु भएको थियो ।

सो कार्यक्रममा प्रदेश मन्त्रालयहरुले आआफ्नो कार्यसम्पादन स्थिति, बेरुजु फर्स्यौटको अवस्था र त्यसमा देखापरेका समस्याहरु प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक श्री बामदेव शर्मा, अधिकारीज्यू र निर्देशक श्री रमेश सुवेदीज्यूको समेत सहभागिता रहेको थियो ।

विशेषज्ञ समूहबाट नेपाल राष्ट्र बैंकको लेखापरीक्षण



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू र नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीज्यूको उपस्थितिमा नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालय र परामर्शदाता कम्पनीबीच सम्झौता आदान प्रदान हुँदै । साथमा सम्बद्ध कर्मचारीहरु ।

२७ भाद्र, २०७९

नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७८।७९ को कारोवारको वित्तीय लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालय र परामर्शदाता कम्पनी एम एस होलादार युनुस एण्ड कम्पनी तथा एमएसएसआर एण्ड कम्पनीबीच २०७९ भाद्र २७ गते सम्झौतामा हस्ताक्षर सम्पन्न भएको थियो । उक्त कार्यको सम्झौता रकम मूल्य अभिवृद्धि कर बाहेक रु २ करोड १५ लाख ८७ हजार ८५५ रहेको छ । अघिल्ला वर्षहरुमा लेखापरीक्षण ऐन, २०७५ को दफा १० अनुसार नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकलाई लेखापरीक्षण गर्न महालेखापरीक्षकको सहायकको रुपमा नियुक्त गर्न सकिने व्यवस्था अनुसार लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण हुँदै आएको थियो । यो वर्ष अन्तराष्ट्रिय मुद्रा कोषको विस्तारित कर्जा सुविधा (Extended Credit Facility) कार्यक्रमको प्रावधान अनुसार विशेषज्ञबाट नेपाल राष्ट्र बैंकको वित्तीय लेखापरीक्षण गर्ने कार्य भएको हो । सो अनुसार लेखापरीक्षण ऐन, २०७५ को दफा १५ (१) अनुसार महालेखापरीक्षकले आफूले सम्पादन गर्नु पर्ने कार्यको लागि सम्बन्धित विषयको विशेषज्ञको सेवा लिन सक्ने व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले खुला रुपमा आशयपत्र माग गरी गुणस्तर विधिका आधारमा उक्त परामर्शदाताको छनौट गरेको थियो । विशेषज्ञ समूहको रुपमा रहेको सो परामर्शदाताले लेखापरीक्षण कार्य अन्तराष्ट्रिय लेखापरीक्षण मानदण्ड बमोजिम गर्नुपर्ने सम्झौतामा उल्लेख गरिएको थियो । साथै लेखापरीक्षण गर्ने उक्त परामर्शदाताले १४ नोभेम्बर २०२२ भित्र प्रारम्भिक प्रतिवेदनको मस्यौदा महालेखापरीक्षकको कार्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको थियो । परामर्शदाताबाट सम्पादित लेखापरीक्षण कार्यको अनुगमन महालेखापरीक्षकको कार्यालयले गर्ने र निजले उपलब्ध गराएको सेवाको आधारमा सम्झौता बमोजिमको रकमको भुक्तानी नेपाल राष्ट्र बैंकबाट हुने गरी कार्य अगाडि बढाईएको थियो । सम्झौता बमोजिम उक्त परामर्शदाता कम्पनीले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन मस्यौदा महालेखापरीक्षकको कार्यालयमा बुझाईसकेको छ ।

निर्देशक श्री थापालाई निजामती सेवा पुरस्कार

२२ भाद्र, २०७९

१९ औं निजामती सेवा दिवसको उपलक्ष्यमा महालेखापरीक्षकको कार्यालयका निर्देशक श्री सत्यनारायण थापा निजामती सेवा पुरस्कारबाट सम्मानित हुनु भएको छ । नेपाल सरकार मन्त्रिपरिषदको २०७९, भाद्र २१ को निर्णय अनुसार निर्देशक श्री थापालाई सो पुरस्कार प्रदान गरिएको हो । पुरस्कारको राशि पचास हजार रुपैया रहेको छ । लेखापरीक्षणका माध्यमबाट मुलुकमा आर्थिक अनुशासन कायम गर्ने दिशामा पुर्याउनु भएको योगदानको मूल्यांकन गर्दै उक्त सम्मान दिइएको हो । माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले पुरस्कृत हुनुभएका निर्देशक श्री थापालाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भएको थियो । यस कार्यालयमा वि सं २०५२ देखि सेवा शुरु गर्नु भएका उहाँ हाल भौतिक पूर्वाधार निर्देशनालयको निर्देशकका रुपमा कार्यरत हुनुहुन्छ ।



निर्देशक श्री सत्यनारायण थापा

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

फोरम फर ईन्टोसाई प्रोफेस्नल प्रोनाउन्समेन्टको वैठक तथा सेमिनारमा सहभागिता



डेनमार्कको कोपेनहेगनमा आयोजित फोरम फर इन्टोसाई प्रोफेस्नल प्रोनाउन्समेन्टको वैठक पश्चात् नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीज्यू सहित उपस्थित प्रतिनिधिहरु ।

फोरम फर ईन्टोसाई प्रोफेस्नल प्रोनाउन्समेन्टद्वारा सन २०२२ को सेप्टेम्वर ५ देखि ९ सम्म डेनमार्कको राजधानी कोपेनहेगनमा आयोजित वैठक तथा रणनीतिक योजना विकास सम्वन्धी सेमिनारमा महालेखापरीक्षकको कार्यालयबाट नायव महालेखापरीक्षक श्री चन्द्र कान्त भण्डारीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा नेपाल सहित अमेरिका, अष्ट्रेलिया, क्यानडा, डेनमार्क, ग्वाटेमाला, बहराईन, लक्जेम्वर्ग, नर्वे, वुल्गेरिया, स्वीडेन र ट्युनिसियाका सर्वोच्च लेखापरीक्षण संस्थाका १३ जना फोरम फर ईन्टोसाई प्रोफेस्नल प्रोनाउन्समेन्ट सदस्यको सहभागिता रहेको थियो । सन् २०१६ मा ईन्टोसाईको स्थायी संरचनाको रुपमा फोरम फर ईन्टोसाई प्रोफेस्नल प्रोनाउन्समेन्टको स्थापना भएको हो । इन्टोसाईको लेखापरीक्षण मानक विकास तथा परिमार्जनसम्वन्धी कार्य गर्ने यस संस्थामा सन् २०२० देखि २०२२ सम्मको लागि इन्टोसाईबाट विश्वव्यापी प्रतिस्पर्धात्मक आधारमा नायव महालेखापरीक्षक श्री भण्डारी छनौट हुनु भएको थियो । सो संस्थाका यस अघिका वैठक विश्वव्यापी कोभिड १९ महामारीका कारणबाट सन् २०२०, २०२१ र २०२२ को फेब्रुअरी तथा अप्रिलमा भर्चुअल माध्यमबाट सम्पन्न भएका थिए ।

अनवरत पेशागत शिक्षा तालिम

१६ भाद्र, २०७९

महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणमा संलग्न कर्मचारीको ज्ञान, सीप र धारणामा समयसापेक्ष रुपमा सुधार ल्याई पेशागत सक्षमता अभिवृद्धि उद्देश्यले तीन दिने अनवरत पेशागत शिक्षा तालिमलाई यो वर्ष पनि निरन्तरता प्रदान गरेको छ । तालिम कार्यक्रमको उदघाटन माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले गर्नुभएको थियो । कार्यक्रमलाई सम्वोधन गर्नु हुँदै माननीय महालेखापरीक्षकज्यूले तालिममा सिकेको ज्ञान तथा धारणाले लेखापरीक्षण जोखिम घटाई प्रतिवेदनमा गुणस्तरीयता अभिवृद्धि ल्याउने विश्वास व्यक्त गर्नु भएको थियो । लेखापरीक्षण कार्यको अन्तिम निजोड प्रतिवेदन भएकोले त्यसलाई सम्वन्धित सरोकारवालाले यथार्थ रुपमा वुझ्न सक्ने तथा प्रतिवेदनको मानदण्ड अनुरुप स्तरीयता ल्याउन सहयोग पुग्ने गरी तालिमका विषयवस्तु समावेश गर्नु पर्ने आवश्यकतामा जोड दिनु भएको थियो । विगत दुई वर्ष कोभिडको कारणबाट महालेखापरीक्षकको वार्षिक प्रतिवेदन पेश गर्ने कार्य केहि पछि सरेको भए पनि यो वर्ष त्यस्तो अवस्था नरहेकोले चैत्र मसान्तभित्रै वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने गरी आवश्यक कार्य गर्न गराउन निर्देशन दिनु भएको थियो ।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री महेश्वर काफ्लेले निर्माण सम्वन्धी लेखापरीक्षणका विषयमा प्रशिक्षण प्रदान गर्नुभएको थियो भने उपमहालेखापरीक्षक श्री वामदेव शर्मा, अधिकारीले परियोजना लेखा तथा त्यसको प्रमाणिकरणका विषयमा प्रशिक्षण गर्नु भएको थियो । त्यसैगरी नायव महालेखापरीक्षकहरु श्री वैकुण्ठ

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022



अनवरत पेशागत शिक्षा तालिमको उद्घाटन पश्चात् उक्त तालिम कार्यक्रममा कर्मचारीहरुलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू ।

बहादुर अधिकारीले वित्तीय लेखापरीक्षणका मानदण्डका विषयमा, श्री घनश्याम पराजुलीले परिपालना लेखापरीक्षणका मानदण्डका सम्बन्धमा, श्री ताराप्रसाद पाण्डेले स्थानीय तहको लेखापरीक्षणका सम्बन्धमा र श्री हुमनाथ सुवेदीले कार्यमूलक लेखापरीक्षणका विविध आयामका सम्बन्धमा सहजीकरण गर्नु भएको थियो । सो तालिम कार्यक्रममा महालेखानियन्त्रक कार्यालयका उपमहालेखानियन्त्रक श्री भेषप्रसाद भुर्तेलले महालेखानियन्त्रक कार्यालयले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणालीहरु सिग्यास, शुत्रका विविध पक्षहरुका सम्बन्धमा जानकारी प्रदान गर्नु भएको थियो । कार्यक्रममा निर्देशकहरु श्री कमलप्रसाद सिलवालले नेप्सासमा आधारित वित्तीय विवरणका विषयमा, श्री सत्यनारायण थापाले जोखिममा आधारित लेखापरीक्षणका अभ्यासका सम्बन्धमा, श्री निरप्रसाद सुवेदी तथा श्री लेख बहादुर थापाले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीका सम्बन्धमा र श्री विष्णुप्रसाद पौडेलले सूचना प्रविधि लेखापरीक्षणका विषयमा सहजीकरण गर्नु भएको थियो । श्रावण तीन देखि प्रारम्भ भएको सो तलिम कार्यक्रममा कर्मचारीहरुलाई चारवटा समूहमा विभाजन गरी प्रत्येक समूहलाई तीन कार्यदिनका दरले प्रशिक्षण प्रदान गरिएको थियो । तालिम कार्यक्रममा कार्यालयमा हाल कार्यरत विभिन्न श्रेणीका ४३७ जना कर्मचारी तथा २८ जना पूर्व कर्मचारीहरुको सहभागिता रहेको थियो भने तालिमको सञ्चालन तथा संयोजन नीति, योजना तथा जनशक्ति विकास र अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशनालयले गरेको थियो ।



अनवरत पेशागत शिक्षा तालिममा सहभागी कर्मचारीहरु ।

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

संगठित संस्थाका पदाधिकारी र लेखापरीक्षकसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न



नेपाल सरकारका माननीय अर्थमन्त्री श्री जनार्दन शर्माज्यू, माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू र मुख्य सचिव श्री शंकरदास वैरागीज्यू, नेपाल राष्ट्रबैंकका गभर्नर श्री महाप्रसाद अधिकारीज्यू सहित अन्य ।

५ भाद्र, २०७९

संगठित संस्थालाई व्यावसायिक एवं प्रतिष्पर्धात्मक ढंगबाट सञ्चालन गरी निर्धारित उद्देश्य हासिल गर्न व्यवस्थापकीय नेतृत्वको महत्वपूर्ण भूमिका रहने भएकोले महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था तथा अन्य संगठित संस्थाका प्रमुख र महालेखापरीक्षकको सहायकको रुपमा नियुक्त तथा परामर्शमा नियुक्त लेखापरीक्षकहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रमलाई सम्वोधन गर्नुहुँदै प्रमुख अतिथि अर्थमन्त्री श्री जनार्दन शर्माज्यूले सार्वजनिक संस्थानहरुको स्थापना सरकारले नागरिकलाई प्रदान गर्नुपर्ने विशिष्ट वस्तु तथा सेवा प्रदान गर्नका लागि भएकोले सो अनुसारको व्यावसायिक दक्षता प्रदर्शन गर्नुपर्नेमा जोड दिनु भएको थियो । कतिपय सार्वजनिक संस्थानको लागि सिंगो मुलुकनै विक्री वजारको रुपमा रहेको छ, बजार माग पनि उच्च छ, स्रोत साधन सहित योग्यता क्षमतामा पनि कुनै कमि देखिदैन तर सो अनुसारको कार्यसम्पादन नतिजा नआउनुलाई नेतृत्वको दायित्व वोध र ईच्छाशक्तिको कमिका रुपमा लिनुपर्ने बताउनु भयो । प्रत्येक सार्वजनिक संस्थानहरुले निरन्तर सञ्चालनको आवश्यकता र औचित्यता स्थापित गर्न बजारमा प्रतिष्पर्धात्मक मूल्यमा वस्तु तथा सेवा विक्री गरी बजारका विकृतीहरुलाई नियन्त्रण गर्न सक्ने हैसियत बनाउनु पर्ने बताउनु भयो ।

अन्तरक्रिया कार्यक्रमलाई सम्वोधन गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले सवै सार्वजनिक संस्थानहरु आआफ्नो उद्देश्य अनुसार चल्नु पर्नेमा नचल्दा सरकारको लगानी पूर्ण रुपमा सदुपयोग हुन नसकेको धारणा राख्नु भयो । कारोवारको आकारलाई विश्लेषण गर्दा संगठित संस्थाको अनुपात उल्लेख्य रहेको तथ्यांक प्रस्तुत गर्नुहुँदै उहाँले महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदन अनुसार आ.व. २०७७।७८ को कुल लेखापरीक्षण अंक रु.८६ खर्व ८५ अर्व ८५ करोड रहेकोमा संगठित संस्था र समिति तर्फको रु. ४३ खर्व ८ अर्व ६९ करोड रहेको बताउनु भयो । तर संगठित संस्थाको मुलुकको आर्थिक वृद्धिमा सो अनुसार योगदान नहुनु, कोषमा व्यवस्था नगरिएको दायित्व बढ्दै जानु, कतिपय संगठित संस्थाले लेखापरीक्षण गरी वित्तीय अवस्था तथा कार्यसम्पादन स्थितिको पारदर्शिताको लागि क्रियाशीलता नदेखाउनु सवैको चिन्ता र सरोकारको विषय भएको विचार राख्नु भएको थियो । तसर्थ संगठित संस्था सञ्चालन सम्वन्धी विद्यमान नीति र पद्धतिमा पुनरावलोकनको खाँचो रहेको उल्लेख गर्नुहुँदै संस्थान सम्वद्ध सवै जिम्मेवार पक्षको सहभागिता भएको यस कार्यक्रमले संगठित संस्थाको सुधारमा सकारात्मक भूमिका खेल्न सक्ने विश्वास व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास वैरागीज्यूले वर्षेनी संगठित संस्थाको कार्यक्रममा छलफल हुँदा एउटै विषय दोहोरिनुले नियमनकारी निकायको भूमिकामा समेत प्रश्न चिन्ह देखिएको बताउनु भयो । केही संगठित संस्थाले आफूले गरेको कारोवारको लेखापरीक्षण समेत नगराउनु अत्यन्त गम्भीर विषय रहेको उल्लेख गर्नु भयो । सवै संस्थानहरुले सुधारको नीतिगत खाका प्रस्तुत गर्न आग्रह गर्दै त्यसलाई कार्यान्वयनमा लैजान आफ्नो सदैव सकारात्मक भूमिका रहने वताउनु भएको थियो । कार्यक्रममा नेपाल राष्ट्र वैंकका गभर्नर

श्री महाप्रसाद अधिकारीज्यूले लेखापरीक्षक र व्यवस्थापकबीच सँगै अन्तरक्रिया राखेकोमा महालेखापरीक्षकको कार्यालयको सराहना गर्दै छरिएको नियमन तथा कानूनी व्यवस्थाले सार्वजनिक संस्थानमा अपेक्षित सुधार आउन नसकेको धारणा राख्नु भएको थियो । कार्यक्रममा राजस्व सचिव रामेश्वर दंगालज्यूले संगठित संस्थाको संस्थागत सुशासनलाई बलियो बनाउने महत्वपूर्ण औजारनै लेखापरीक्षण भएकोले त्यसलाई समयमै सम्पन्न गराउन व्यवस्थापकीय नेतृत्वलाई आग्रह गर्नुभएको थियो । सो कार्यक्रममा अर्थ मन्त्रालय संस्थान समन्वय महाशाखा प्रमुख श्री रमेश कुमार केसीले संस्थानहरुको सञ्चालन प्रणालीमा लेखापरीक्षणको माध्यमबाट सुधार ल्याउन महालेखापरीक्षकको कार्यालयले खेल्दै आएको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताउनु भएको थियो । कार्यक्रममा नायव महालेखापरीक्षक श्री वैकुण्ठ बहादुर अधिकारीले सार्वजनिक संस्थानहरुको लेखापरीक्षणको अवस्था, लेखापरीक्षण प्रतिवेदनका विषयहरु, समग्र कार्यसम्पादन स्थिति समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले गर्नु भएको थियो ।



संगठित संस्थाका प्रमुख पदाधिकारीहरु र महालेखापरीक्षकको सहायकको रुपमा तथा परामर्शमा नियुक्त लेखापरीक्षकहरु ।

स्थलगत लेखापरीक्षण टोलीलाई अभिमुखीकरण तथा निर्देशन

२५ श्रावण, २०७९

महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षणको पहिलो चरण अन्तर्गत ४५ जिल्लाको एकल तथा संयुक्त लेखापरीक्षण र सम्बन्धित निर्देशनालयगत लेखापरीक्षण डोर सञ्चालन तथा वार्षिक लेखापरीक्षण योजना, २०७९ मा उल्लेखित परीक्षण गर्नुपर्ने प्रमुख विषयका सम्बन्धमा लेखापरीक्षण कार्यमा खटिने टोलीप्रमुख तथा उपटोलीप्रमुखहरुको अभिमुखीकरण तथा निर्देशन प्रदान गर्ने कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सहभागीहरुलाई यो वर्षको लेखापरीक्षण कार्यतालिका तथा त्यसका विविध आयामका सम्बन्धमा विशेष निर्देशन प्रदान गर्नुभएको थियो । कार्यक्रममा



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले लेखापरीक्षण डोरलाई विशेष निर्देशन प्रदान गर्नुहुँदै ।



माननीय महालेखापरीक्षकज्यू तथा उप-महालेखापरीक्षकज्यूहरु ।

लेखापरीक्षण योजनाका अतिरिक्त नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्यसञ्चालन अवस्था, पूर्वाधार क्षेत्र, अर्थ राजस्व, भन्सार, स्थानीय तह, प्रशासनिक तथा सुरक्षा र सामाजिक सेवासँग सम्वन्धित विगत तथा पछिल्लो समयमा देखापरेका चासो र सरोकारका विषयमा सम्वन्धित उपमहालेखापरीक्षक र नायवमहालेखापरीक्षकज्यूबाट अभिमुखीकरण गरिएको थियो ।

माननीय महालेखापरीक्षकज्यूबाट लेखापरीक्षण डोर परिचालन तथा लेखापरीक्षण सम्वन्धमा कर्मचारीहरुलाई देहाय बमोजिम निर्देशन प्रदान गर्नुभएको थियो:

(क) लेखापरीक्षण योजना तर्जुमा

- स्वीकृत वार्षिक लेखापरीक्षण योजनाका विषय समेटेर समष्टिगत र इकाइगत लेखापरीक्षण योजना निर्माण गर्ने,
- प्रदेश र स्थानीय तह अन्तर्गत बन्ने लेखापरीक्षण योजनालाई वास्तविक, यथार्थपरक र जोखिम केन्द्रीत बनाउने,
- प्रदेश र सोमा पर्ने स्थानीय तहको लेखापरीक्षण योजनाबीच एकरुपता कायम गर्ने,
- उच्च तथा न्यून जोखिममा परेका सवै निकायहरुको लेखापरीक्षण कार्य NAMS मार्फत सम्पन्न गर्ने,
- NAMS मा रहेका सवै व्यवस्थाहरुलाई लेखापरीक्षण प्रक्रियामा प्रयोगमा ल्याउन आवश्यक पहल गर्ने ।

(ख) लेखापरीक्षण टोली व्यवस्थापन

- प्रथम चरणमा लेखापरीक्षण गर्न तोकिएका एकल तथा संयुक्त ४५ जिल्ला अन्तर्गतका टोलीहरुको कार्य बाँडफाँड गरी लेखापरीक्षण डोरहरु यथाशीघ्र सम्बन्धित जिल्लामा परिचालन गर्ने,
- वार्षिक प्रतिवेदन चैत्र मसान्तसम्म पेश गर्नुपर्ने समय सीमालाई मध्यनजर राखी सवै महानिर्देशनालयहरुले लेखापरीक्षण कार्य अनिवार्य रुपमा माघ मसान्तभित्र सम्पन्न गर्ने गरी कार्यतालिका बनाउने,
- लेखापरीक्षण कार्यको क्षेत्रगत तथा समग्र अनुभव, ज्ञान, सीप, NAMS सम्वन्धी जानकारी जस्ता पक्षहरुलाई ध्यान दिएर लेखापरीक्षण टोली निर्माण गर्ने र लेखापरीक्षण टोलीका प्रमुख तथा उपटोली प्रमुखले समेत टोलीका सदस्यहरुवीच आन्तरिक कार्य वाँडफाँडमा त्यस्ता पक्षहरुलाई आधार बनाउने ।

(ग) लेखापरीक्षण डोर संचालन

- लेखापरीक्षण टोलीले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय र कोष तथा लेखा नियन्त्रणक कार्यालय लगायत सम्बद्ध निकाय तथा पदाधिकारीसँग आवश्यक समन्वय र सम्पर्कमा रही लेखापरीक्षण कार्य संचालन गर्ने,
- ४५ जिल्लाका एकल तथा संयुक्त लेखापरीक्षण टोलीले जिल्लामा लेखापरीक्षण प्रवेश बैठक गरी छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने,
- स्थानीय तह वा अन्य निकायमा आन्तरिक लेखापरीक्षण नभएको स्थितिमा अन्तिम लेखापरीक्षण गर्न बाधा नहुने तथा आन्तरिक लेखापरीक्षण नभएको व्यहोरा प्रतिवेदनमा समावेश गरी लेखापरीक्षण कार्य सम्पन्न गर्ने,
- लेखापरीक्षणका क्रममा सार्वजनिक स्रोतसाधनको आय तथा व्यय गर्दा गम्भीर हानीनोक्सानी गरेको व्यहोरा जानकारी हुन आएमा सम्बन्धित नायव-महालेखापरीक्षक मार्फत उप-महालेखापरीक्षक र महालेखापरीक्षकलाई तत्काल जानकारी गराउने ।

(घ) गुणस्तर नियन्त्रण तथा सुपरीवेक्षण

- लेखापरीक्षणलाई प्रभावकारी, विश्वसनीय र गुणस्तरीय

बनाउन सम्भाव्यता र आवश्यकतालाई दृष्टिगत गरी स्थलगत अवलोकन, भौतिक परीक्षण गर्ने,

- एकै किसिमका निकायको लेखापरीक्षणमा एकरुपता कायम गर्न लेखापरीक्षण टोलीहरुबीच र सुपरीवेक्षक लगायत उच्च तहसँग समन्वय र सम्पर्कमा रही कार्य सम्पादन गर्ने,
- लेखापरीक्षणका सन्दर्भमा प्राविधिक रुपले जटिल विषय आई परेमा सो सम्बन्धमा सम्बन्धित नायव-महालेखापरीक्षकसँग समन्वय गरी प्राप्त निर्देशनानुसार लेखापरीक्षण सम्पन्न गर्ने,
- उपमहालेखापरीक्षक तथा नायव महालेखापरीक्षक तहबाट लेखापरीक्षण कार्यको स्थलगत सुपरिवेक्षण तथा अनुगमनको प्रवन्ध मिलाउने,
- लेखापरीक्षण प्रतिवेदनको मस्यौदा उपर सम्बन्धित निकाय र जिम्मेवार पदाधिकारीसँग छलफल गरी मूख्य विषयमा प्राप्त प्रतिक्रियाहरु प्रतिवेदनमा समावेश गर्ने ।

(ङ) पेशागत मर्यादा र व्यवहार

- लेखापरीक्षणमा खटिने कर्मचारीले पेशागत मर्यादा र कार्यालयबाट तोकिएको आचारसंहिताको पालनालाई विशेष ध्यान दिने
- लेखापरीक्षण गरिने निकायका पदाधिकारीसँग मर्यादित व्यवहार र औपचारिक सम्बन्ध कायम गरी तोकिए बमोजिम कार्य सम्पादन गर्ने
- लेखापरीक्षणका लागि खटिएका कर्मचारीको, कार्य सम्पादन, पेशागत मर्यादा र उचित व्यवहारको पालना सम्बन्धमा अनुगमनको व्यवस्था मिलाउने
- पेशागत मर्यादा र आचरण विपरीत कार्य गरेको पाइएमा तथा जिम्मेवारीपूर्वक कार्य सम्पादन नगरेका कारणले हुन सक्ने त्रुटि प्रति सम्बन्धित कर्मचारी जिम्मेवार र जवाफदेही हुने ।

कर्मचारीहरुलाई अभिमुखीकरण तथा निर्देशन प्रदान गर्न आयोजित उक्त कार्यक्रममा उपमहालेखापरीक्षक श्री राममाया कुँवरले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनका व्यहोराहरुमा एकरुपता ल्याउनु पर्ने कुरामा जोड दिनु भएको थियो भने उपमहालेखापरीक्षक श्री महेश्वर काफ्लेले लेखापरीक्षण योजना, साना निकायको लेखापरीक्षण र लेखापरीक्षण डोर व्यवस्थापनका विविध आयामका सम्वन्धमा जानकारी प्रदान गर्नु भएको थियो । त्यसैगरी उपमहालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले पारिश्रमिक कर, प्राकृतिक स्रोत साधनको परिचालन, अनुदान वितरण र आर्थिक सहायताका सम्वन्धमा पछिल्लो समयमा देखापरेका सरोकारका विषयमा व्याख्या गर्नुभएको थियो भने उपमहालेखापरीक्षक श्री विन्दु विष्टले वार्षिक प्रतिवेदनलाई दृष्टिगत गरी तयार गरिएका विवरण संकलन गर्ने अनुसूचीहरु सम्वन्धित निकायहरुबाट भरेर ल्याउन जोड दिनु भएको थियो ।

कार्यक्रममा नायव महालेखापरीक्षक श्री त्रिलोचन आचार्यले प्रदेश तथा स्थानीय तहको लेखापरीक्षणका प्रमुख विषय तथा औंल्याउनु पर्ने व्यहोराका सम्वन्धमा जानकारी प्रदान गर्नु भएको थियो भने नायव महालेखापरीक्षक श्री वैकुण्ठ बहादुर अधिकारीले स्रोतमा कर कट्टी सम्वन्धी कानूनी व्यवस्थाका सम्वन्धमा जानकारी दिनुभएको थियो । सो कार्यक्रममा श्री घनश्याम पराजुलीले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमा गरिएका परिवर्तन तथा सुधारका सम्वन्धमा प्रकाश पार्नु भएको थियो । नायव महालेखापरीक्षक श्री नारायण एमसीले पूर्वाधार क्षेत्रको लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने विषयका सम्वन्धमा अभिमुखीकरण गर्नुभएको थियो भने नायव महालेखापरीक्षक श्री ईन्द्रप्रसाद आचार्यले सामाजिक सेवाको लेखापरीक्षण अन्तर्गत शिक्षा, स्वास्थ्य, कृषि, वन र भूमि व्यवस्था तर्फका परीक्षण गर्नुपर्ने प्रमुख विषयका सम्वन्धमा चर्चा गर्नुभएको थियो ।



पहिलो चरणमा ४५ जिल्लाको लेखापरीक्षण गर्न तोकिनु भएका लेखापरीक्षण टोलीका प्रमुख र उप टोली प्रमुखहरु ।

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७९ स्वीकृत

२२ श्रावण, २०७९

नेपालको संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय वा संस्थाको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ । प्रत्येक वर्ष लेखापरीक्षण कार्यलाई प्रभावकारी र सुव्यवस्थित बनाउन लेखापरीक्षणको क्षेत्र, पद्धति, परीक्षण गर्ने विषयवस्तु समावेश गरी वार्षिक लेखापरीक्षण योजना तर्जुमा गरिन्छ । यो वर्ष माननीय महालेखापरीक्षकज्यूबाट मिति २०७९।४।२२ गते वार्षिक लेखापरीक्षण योजना स्वीकृत गरी लेखापरीक्षणलाई व्यवस्थित, गुणस्तरीय र निर्धारित समयमा सम्पन्न गर्न दिशानिर्देश गरेको छ । यो वर्ष लेखापरीक्षण कार्य श्रावणको अन्तिम हप्ताबाट प्रारम्भ गरी माघ मसान्तमा सम्पन्न गरिनेछ । आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गर्न स्वीकृत लेखापरीक्षण योजना अनुसार गरिने लेखापरीक्षण देहाय बमोजिम प्रस्तुत गरिएको छ :

१ वित्तीय तथा परिपालना लेखापरीक्षण

नेपाल सार्वजनिक क्षेत्र लेखामानले दिएको विकल्प बमोजिम वित्तीय तथा परिपालनाको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु एउटै लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिने छ । यो वर्ष संघ, प्रदेश, स्थानीय तह अन्य संस्थासमेत गरी ६९५३ ईकाईको वित्तीय तथा परिपालना लेखापरीक्षण सम्पन्न गरिनेछ ।

२ कार्यमूलक लेखापरीक्षण

कार्यमूलक लेखापरीक्षण गर्न सरकारको लगानी, प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्वजनिक सरोकार वा जनचासोको विषय, लेखापरीक्षण सल्लाहकार समितिबाट प्राप्त सुझाव, सञ्चार माध्यममा आएका विषय, नेपाल सरकार र विकास साझेदारबीच भएका सम्झौता, विकास साझेदारले देखाएको चासोलाई महत्व दिई उपलब्ध स्रोत साधन समेतलाई दृष्टिगत गरी प्राथमिकताका आधारमा विषय छनौट गरिएको छ । यो वर्ष कार्यमूलक लेखापरीक्षण निर्देशनालयबाट लेखापरीक्षण गरिने विषयहरु निम्न रहेका छन:

क्र. सं.	विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१	सार्वजनिक ऋण व्यवस्थापन	सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र महालेखानियन्त्रक कार्यालय	अर्थ
२	सार्वजनिक खर्च व्यवस्थापन	विभिन्न निकायहरु	विभिन्न मन्त्रालय
३	आयोजना छनौट तथा प्राथमिकीकरण, बजेट प्रस्ताव र विनियोजन सम्बन्धी अध्ययन	अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग	अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग
५	दिगो विकास लक्ष्य ५.५ निर्णय तहमा महिला सहभागिता र अवसर सम्बन्धी लक्ष्य कार्यान्वयन अवस्था	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय योजना आयोग	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय योजना आयोग
६	सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रमको मूल्याङ्कन	सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी निकायबाट क्षेत्र निर्धारण	विभिन्न मन्त्रालय
७	दूरसञ्चार सम्बन्धी पूर्वाधार निर्माण व्यवस्थापन	दूरसञ्चार प्राधिकरण	सूचना तथा सञ्चार मन्त्रालय

३ वातावरणीय लेखापरीक्षण

वातावरणमा परेको र पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न तथा भविष्यमा त्यस्ता असर पर्न नदिनका लागि विभिन्न सरकारी कार्यालय तथा निकायहरुले गरेका प्रयासहरुको पर्याप्तता, सोको प्रभावकारिताको अध्ययन विश्लेषण गरी भविष्यमा गर्नुपर्ने सुधारका पक्षहरुको सम्बन्धमा प्रतिवदेन गर्ने उद्देश्यले वातावरणीय लेखापरीक्षण गरिदै आएको छ । यस वर्ष कार्यमूलक लेखापरीक्षण निर्देशनालयबाट वातावरणीय लेखापरीक्षण गर्नका लागि देहायको विषय छनौट गरिएको छ:

क्र. सं.	विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१	नेपाल पक्ष भएका बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन अवस्था	दिगो विकास लक्ष्य १५.१ सँग सम्बन्धित निकायहरु	वन तथा वातावरण मन्त्रालय

४ सूचना प्रविधि लेखापरीक्षण

सरकारी कार्यालयहरुले प्रयोग गरेका सूचना प्रविधिहरुको वातावरणीय पक्ष र सोको नियन्त्रण वातावरणको अध्ययन गरी प्रतिवेदन गर्ने उद्देश्यले यो वर्ष देहायको विषयहरु सूचना प्रविधि निर्देशनालयबाट सूचना प्रविधि लेखापरीक्षणको लागि छनौट गरिएको छ:

क्र.सं.	विषय	सम्बन्धित निकाय	सम्वन्धित मन्त्रालय
१	Vital Event Registration and Social Protection System	राष्ट्रिय परिचय तथा पञ्जीकरण विभाग	गृह मन्त्रालय

५ संगठित संस्थाको लेखापरीक्षण

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षण गर्न कार्यालयमा कार्यरत सम्वन्धित निर्देशनालयको जनशक्तिबाट र पेशागत प्रमाणपत्र प्राप्त लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गर्दै आएकोमा यो वर्ष देहायका संगठित संस्थाको लेखापरीक्षण कार्यालयको जनशक्तिबाट गर्ने गरी लेखापरीक्षण योजना रहेको छ ।

क्र.सं.	निकायको नाम	आर्थिक वर्ष	महानिर्देशनालय
१	नेपाल वायुसेवा निगम	२०७८।७९	सार्वजनिक संस्थान
२	जनकपुर चुरोट कारखाना लिमिटेड	२०७८।७९ र बक्यौता समेत	
३	नेपाल पुर्वाधार कम्पनी लिमिटेड	२०७८।७९	

नायव महालेखापरीक्षकबाट उपमहालेखापरीक्षकमा बढुवा

१९ साउन, २०७९

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९।०४।१९ को निर्णायानुसार महालेखापरीक्षकको कार्यालयमा कार्यरत नायव महालेखापरीक्षक श्री विन्दु विष्ट निजामती सेवा ऐन, २०४९ को दफा १९(२) बमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा बढुवा भई यसै कार्यालयमा पदस्थापन हुनु भएको छ ।



उप-महालेखापरीक्षक श्री विन्दु विष्ट

उपमहालेखापरीक्षक श्री विष्टले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गर्नुभएको छ । उहाँले २०५७।०६।०१ मा निजामती सेवामा गाविस सचिव (खरिदार) बाट सेवा प्रारम्भ गर्नु भई २०५९ देखि लेखापरीक्षण सेवामा प्रवेश गरी यस क्षेत्रमा २० वर्षको कार्य अनुभव हासिल गरिसक्नु भएको छ । उहाँमा महालेखापरीक्षकको कार्यालयको तेस्रो रणनीतिक योजना (२०१६-२०२१) र चौथो रणनीतिक योजना (२०२१-२०२५) तर्जुमामा संलग्न रही काम गरेको अनुभव रहेको छ भने आईडिआईद्वारा सञ्चालित लेखापरीक्षणको गुणस्तर आश्वस्तता पुनरावलोकन सम्वन्धी अन्तराष्ट्रिय तालिम हासिल गर्नुका साथै सोही संस्थाबाट वित्तीय लेखापरीक्षणमा ईसाई सहजकर्ताको प्रमाणपत्र समेत प्राप्त गर्नु भएको छ ।

सम्पादकीय...

जारी गरेको थियो जसले मुख्यत: परिवर्तनशील वातावरण तथा नयाँ जोखिमकावीच सर्वोच्च लेखापरीक्षण संस्थाको उत्तरदायित्व वहन, ईन्टोसाईको मूल्य, नतिजा र असरहरुको प्रभावकारी सञ्चार गरी यसको विश्वव्यापी आवाजलाई सशक्त बनाउने, गुणस्तरीय लेखापरीक्षण सेवाका लागि लेखापरीक्षणका मूल सिद्धान्त र मानदण्डको महत्व, सर्वोच्च लेखापरीक्षण संस्थाको सम्वन्धित सरोकारवालासँगको सम्वन्ध सुधार जस्ता विषयलाई विशेष जोड दिएको पाईन्छ । उक्त महाधिवेशनमा माननीय महालेखापरीक्षकज्यूको नेतृत्वमा उप-महालेखापरीक्षक श्री महेश्वर काफ्ले र नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीको सहभागिता रहेको थियो । ईन्कोसाईमा सदस्य राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाबाट हुने निरन्तरको सहभागिताले सार्वजनिक लेखापरीक्षण सेवामा सुधार ल्याउन सकारात्मक योगदान पुर्याउँछ । यद्यपी ईन्टोसाईले स्वीकृत गरेका सिद्धान्त, मानदण्ड र मार्गदर्शनहरुको कार्यान्वयनका सन्दर्भमा सम्वन्धित देशको संविधान एवं कानूनी व्यवस्थाले तय गर्ने शासकीय प्रणाली र स्वयं सर्वोच्च लेखापरीक्षण संस्थाको गठन तथा सञ्चालन सम्वन्धी ढाँचाले पनि महत्वपूर्ण भूमिका खेल्दछ । महालेखापरीक्षकबाट २०७७।४।१७ मा स्वीकृत हालको नेपाल सरकारी लेखापरीक्षण मानदण्ड र मौजुदा संवैधानिक एवं कानूनी व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले बनाएका प्रशासकीय खर्च, प्रकोप व्यवस्थापन, कार्यमूलक, राजस्व, आयोजना हिसाव, खरिद, सार्वजनिक संस्थान, वातावरणीय, सहभागितात्मक लेखापरीक्षण जस्ता मार्गदर्शन तयार गर्न पनि ईन्टोसाई प्रोफेस्नल प्रोनाउन्समेन्टले आधार प्रदान गरेको छ । ईन्टोसाईबाट सञ्चालित विभिन्न कार्यक्रमहरुमा महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरुको संलग्नता तथा ईन्कोसाईमा भईरहेको निरन्तरको सहभागिताले कार्यालयको समग्र संस्थागत विश्वासको तहलाई उँचो तुल्याउँदै कामकारवाहीमा प्रभावकारिता, विश्वसनियता र स्वीकार्यता अभिवृद्धिमा सकारात्मक भूमिका खेलेको देखिन्छ ।

वर्ष ५, अंक २१, २०७९ कार्तिक (Year 5, Issue 21 Oct/Nov, 2022

उपमहालेखापरीक्षक रामुप्रसाद डोटेलको विदाई



माननीय महालेखापरीक्षक श्री टंकणि शर्मा दंगालज्यूबाट सेवा निवृत्त हुनु भएका उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेललाई कदर पत्र प्रदान गर्नुहुँदै ।

१६ साउन, २०७९

महालेखापरीक्षकको कार्यालयबाट मिति २०७९।०४।११ देखि सेवा निवृत्त हुनु भएका उपमहालेखापरीक्षक श्री रामु प्रसाद डोटेलको एक कार्यक्रमवीच विदाई गरिएको छ । विदाई कार्यक्रमलाई सम्वोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले उपमहालेखापरीक्षक श्री डोटेलले कार्यालयमा कार्यरत रहँदा पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै उहाँको ज्ञान, सीप, दक्षता र अनुभव हाल कार्यरत पदाधिकारीहरुको लागि समेत अनुकरणीय रहेको बताउनु भएको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले पूर्व राष्ट्रसेवकहरुमा रहेको ज्ञान र अनुभवलाई राष्ट्र हितमा लगाउन ठोस नीतिको आवश्यकतामाथि जोड दिनु भयो । उहँले विदाई हुनु भएका उपमहालेखापरीक्षक श्री डोटेलको सेवा निवृत्त जीवन सुखमय र राष्टिय जीवनका उपयुक्त क्षेत्रहरुमा निरन्तर क्रियाशील रहोस भनी कमना गर्नु भएको थियो । सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले सेवा निवृत्त उपमहालेखापरीक्षकलाई कदरपत्र, मायाँको चिनो र दोसल्ला ओडाई सम्मान गर्नु भएको थियो ।

उपमहालेखापरीक्षक पदमा श्री डोटेल २०७४।०४।११ गते बढुवा हुनु भएकोमा ५ वर्षे सेवाहदका कारण सेवाबाट निवृत्त हुनु भएको हो । कार्यक्रममा उपमहालेखापरीक्षकहरु श्री राममाया कुँवर, श्री महेश्वर काफ्ले तथा श्री वामदेव शर्मा अधिकारीले कार्यालयमा कार्यसम्पादनको क्रममा सहकार्य गर्दाका सुखद अनुभूतिहरु स्मरण गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन उपमहालेखापरीक्षक श्री महेश्वर काफ्लेले गर्नु भएको थियो ।

२०७९ श्रावण देखि कार्तिकसम्म सञ्चालित राष्ट्रिय तालिम कार्यक्रममा मनोनयन तथा सहभागिता

सि. नं.	पद	कर्मचारीको नाम	कार्यक्रमको	कार्यक्रमको किसिम	आयोजक	मिति	कैफियत
१	निर्देशक	श्री सत्यनारायण थापा	भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी कार्यान्वयनका सम्बन्धमा	छलफल कार्यक्रम	प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	२०७९।४।१२	भौतिक उपस्थिति
२	निर्देशक	श्री रामचन्द्र पौडेल	सेवाकालिन तालिम	तालिम	श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	२०७९।४।१९ देखि	भौतिक उपस्थिति

सि. नं.	पद	कर्मचारीको नाम	कार्यक्रमको	कार्यक्रमको किसिम	आयोजक	मिति	कैफियत
३	लेखापरीक्षण अधिकारी	श्री प्रसादु थारु	सेवाकालिन तालिम	तालिम	श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।४।२२ देखि	भौतिक उपस्थिति
४	लेखापरीक्षण अधिकारी	श्री क्षेत्र वहादुर थापा	सेवाकालिन तालिम	तालिम	श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।४।२२ देखि	भौतिक उपस्थिति
५	लेखापरीक्षण अधिकारी	श्री कृष्णशरण कार्की	सेवाकालिन तालिम	तालिम	श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।४।२२ देखि	भौतिक उपस्थिति
६	लेखापरीक्षण अधीक्षक	श्री ललन शाह कानु	सेवाकालिन तालिम	तालिम	श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।४।२२ देखि	भौतिक उपस्थिति
७	लेखापरीक्षण अधीक्षक	श्री पारश अधिकारी	सेवाकालिन तालिम	तालिम	श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।४।२२ देखि	भौतिक उपस्थिति
८	लेखापरीक्षण अधीक्षक	श्री सविन पंगेनी	सेवाकालिन तालिम	तालिम	श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।४।२२ देखि	भौतिक उपस्थिति
९	निर्देशक	श्री प्रकाशकुमार खत्री	प्रशिक्षण कार्यक्रम	तालिम	श्री नेपाल अडिटर्स एशोसिएसन अडान	२०७९।४।२०	भौतिक उपस्थिति
१०	निर्देशक	श्री शुशीलराज खनाल	प्रशिक्षण कार्यक्रम	तालिम	श्री नेपाल अडिटर्स एशोसिएसन अडान	२०७९।४।२०	भौतिक उपस्थिति
११	लेखापरीक्षण अधिकारी	श्री सन्जयकुमार साह	प्रशिक्षण कार्यक्रम	तालिम	श्री नेपाल अडिटर्स एशोसिएसन अडान	२०७९।४।२०	भौतिक उपस्थिति
१२	लेखापरीक्षण अधिकारी	श्री शिर्षक ढकाल	प्रशिक्षण कार्यक्रम	तालिम	श्री नेपाल अडिटर्स एशोसिएसन अडान	२०७९।४।२०	भौतिक उपस्थिति
१३	लेखापरीक्षण अधिकारी	श्री मञ्जु पन्थी	सेवाकालिन तालिम	तालिम	श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७९।४।२२ देखि ५।३१	भौतिक उपस्थिति
१४	नायब महालेखापरीक्षक	श्री पदमराज पौडेल	४४ औं Senior Executive Development Program (SEDP)	तालिम	संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	२०७९।५।२३ देखि १२।२	भौतिक उपस्थिति
१५	नायब महालेखापरीक्षक	श्री बैकुण्ठ वहादुर अधिकारी	४४ औं Senior Executive Development Program (SEDP)	तालिम	संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	२०७९।५।२३ देखि १२।२	भौतिक उपस्थिति
१६	ना म ले प	श्री पदमराज पौडेल	मनोनयन गरिएको सम्बन्धमा	Price Adjustment and Variation मुल्य समायोजन भेरिएशन	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	२०२२ सेप्टेम्वर २८	भौतिक उपस्थिति
१७	ना म ले प	श्री नारायण एम सी	मनोनयन गरिएको सम्बन्धमा		नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	२०२२ सेप्टे म्वर २८	भौतिक उपस्थिति
१८	निर्देशक	श्री टीकाराम श्रेष्ठ	मनोनयन गरिएको सम्बन्धमा		नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	२०२२ सेप्टे म्वर २८	भौतिक उपस्थिति
१९	निर्देशक	श्री पदम वहादुर वस्नेत	मनोनयन गरिएको सम्बन्धमा		नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	२०२२ सेप्टे म्वर २८	भौतिक उपस्थिति
२०	निर्देशक	श्री मुकुन्द घिमिरे	मनोनयन गरिएको सम्बन्धमा		नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	२०२२ सेप्टे म्वर २८	भौतिक उपस्थिति
२१	नायब महालेखा परीक्षक	श्री बैकुण्ठ वहादुर अधिकारी	प्रतिनिधि पठाइएको सम्बन्धमा	Emerging Trend in Accounting Profession	नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था	२०७९।७।२४	भौतिक उपस्थिति

२०७९ श्रावण देखि कार्तिकसम्म सञ्चालित अन्तर्राष्ट्रिय तालिम कार्यक्रममा मनोनयन तथा सहभागिता

सि. नं.	पद	नम थर	कार्यक्रम	कार्यक्रमको किसिम	आयोजक	अवधि	कैफियत
१	लेखापरीक्षण अधिकारी	श्री कृपा मरहट्ठा	Sectoral Accounts and Balance sheet (PSBS)	तालिम	भारत	२०२२ अगष्ट २९ देखि सेप्टेम्वर २	online
२	निर्देशक	श्री शिव प्रसाद आचार्य	Managing infrastructure assets for sustainable development	तालिम	UNCDF	२०२२ अगष्ट १ देखि २ सम्म	online
३	निर्देशक	श्री कल्पना अर्याल	Managing indrastruc-ture assets for sustainable development		UNCDF	२०२२ अगष्ट १ देखि २ सम्म	online
४	निर्देशक	श्री दिपेन्द्र ढकाल	Managing indrastruc-ture assets for sustainable development		UNCDF	२०२२ अगष्ट १ देखि २ सम्म	online
५	नायब महालेखा परीक्षक	श्री हुमनाथ सुवेदी	सहभागी पठाइएको वारे	NEC Conference 2022	इटाली	२०२२अक्टोवर २५ देखि २८	भौतिक
६	नायब महालेखा परीक्षक	श्री हुमनाथ सुवेदी	सहभागी पठाइएको वारे	ASOSAI working group on SDGs		२०२२ मे २४ देखि	online
७	निर्देशक	श्री सत्य नारायण थापा	सहभागी पठाइएको वारे	ASOSAI working group on SDGs		२०२२ मे २४ देखि	online
८	निर्देशक	श्री रमेशराज सुवेदी	मनोनयन गरिएको सम्बन्धमा	IDEA DATA Analysis Software	अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा	२०२२ अगष्ट २५ देखि २६	भौतिक उपस्थिति
९	निर्देशक	श्री कमल सिलवाल	मनोनयन गरिएको सम्बन्धमा	IDEA DATA Analysis Software	अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा	२०२२ अगष्ट २५ देखि २६	भौतिक उपस्थिति
१०	निर्देशक	श्री रमेश सुवेदी	मनोनयन गरिएको सम्बन्धमा	IDEA DATA Analysis Software	अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा	२०२२ अगष्ट २५ देखि २६	भौतिक उपस्थिति

सि. नं.	पद	नम थर	कार्यक्रम	कार्यक्रमको किसिम	आयोजक	अवधि	कैफियत
११	लेखापरीक्षण अधिकारी	श्री नमुना पाण्डे	मनोनयन गरिएको सम्बन्धमा	Strong and Resilient National Public Health Systems छलफल	IDI	२०२२ नोभेम्वर १५ देखि १७	भौतिक उपस्थिति
१२	नायब महालेखा परीक्षक	श्री इन्द्र प्रसाद आचार्य	मनोनयन गरिएको सम्बन्धमा	Carbon Redictopm Audit	ASOSAI WGEA Secretariat	December 6 th	online
१३	निर्देशक	श्री घनश्याम काफ्ले	मनोनयन गरिएको सम्बन्धमा	Carbon Redictopm Audit	ASOSAI WGEA Secretariat	December 6 th	online
१४	निर्देशक	श्री उमेश सुवेदी	मनोनयन गरिएको सम्बन्धमा	Carbon Redictopm Audit	ASOSAI WGEA Secretariat	December 6 th	online
१५	निर्देशक	श्री कल्पना अर्याल	मनोनयन गरिएको सम्बन्धमा	Carbon Redictopm Audit	ASOSAI WGEA Secretariat	December 6 th	online
१६	ले प अधिकारी	श्री महेश श्रेष्ठ	मनोनयन गरिएको सम्बन्धमा	Carbon Redictopm Audit	ASOSAI WGEA Secretariat	December 6 th	online
१७	ले प अधिकारी	श्री मल्लिका श्रेष्ठ	मनोनयन गरिएको सम्बन्धमा	Carbon Redictopm Audit	ASOSAI WGEA Secretariat	December 6 th	online
१८	ले प अधिकारी	श्री वसन्ता पन्थी	मनोनयन गरिएको सम्बन्धमा	Carbon Redictopm Audit	ASOSAI WGEA Secretariat	December 6 th	online
१९	ले प अधिकारी	श्री शंकर लामिछाने	मनोनयन गरिएको सम्बन्धमा	Carbon Redictopm Audit	ASOSAI WGEA Secretariat	December 6 th	online
२०	ले प अधिकारी	श्री राजिव पोखेल	मनोनयन गरिएको सम्बन्धमा	Carbon Redic-topm Audit	ASOSAI WGEA Secretariat	December 6 th	online
२२	नायब महालेखा परीक्षक	श्री महेश्वर काफ्ले	सहभागी भएको सम्बन्धमा	International Congress of Supreme Audit Institution	ब्राजिलको रियो दि जे नेरियोमा	2022 Nov 7-11	भौतिक उपस्थिति
२३	नायब महालेखा परीक्षक	श्री चन्द्रकान्त भण्डारी	सहभागी भएको सम्बन्धमा	International Congress of Supreme Audit Institution	ब्राजिलको रियो दि जे नेरियोमा	2022 Nov 7-11	भौतिक उपस्थिति

२०७९ श्रावणदेखि देखि कार्तिकसम्म अवकास भएका कर्मचारीको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	अवकास मिति	कैफियत
१	टेलिफोन अधिकृत	श्री रमेश खनाल	२०७९।४।८	राजिनामा
२	उपमहालेखापरीक्षक	श्री रामुप्रसाद डोटेल	२०७९।४।१२	अनिवार्य अवकाश
३	नायव महालेखापरीक्षक	श्री नारायण मरासिनी	२०७९।४।१७	अनिवार्य अवकाश
४	निर्देशक	श्री भवानीप्रसाद मरासिनी	२०७९।४।१७	राजिनामा
५	नायव महालेखापरीक्षक	श्री विवेकानन्द घिमिरे	२०७९।७।३०	अनिवार्य अवकाश

२०७८ श्रावणदेखि देखि कार्तिकसम्म बढुवा भएका कर्मचारीको विवरण

क्र.सं.	साविकको पद	हालको पद	कर्मचारीको नाम	बढुवा मिति
१	नायव महालेखापरीक्षक	उप-महालेखापरीक्षक	श्री विन्दु विष्ट	२०७९।४।१९
२	स.कम्प्यूटर अपरेटर	कम्प्यूटर अपरेटर	श्री हरि अधिकारी	२०७९।४।११
३	स.कम्प्यूटर अपरेटर	कम्प्यूटर अपरेटर	श्री विशाल पंगेनी	२०७९।४।११

२०७८ श्रावणदेखि देखि कार्तिकसम्म रमाना भई गएका कर्मचारीको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई गएको मिति
१.	कम्प्यूटर अपरेटर	श्री विशाल पंगेनी	२०७९।५।२

२०७८ श्रावणदेखि देखि कार्तिकसम्म रमाना भई आएका कर्मचारीको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई गएको मिति
१.	कम्प्यूटर अपरेटर	श्री बिजय खड्का	२०७९।५।९

भावपूर्ण श्रद्धाञ्जली

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९० चैत्र १८

स्वर्गारोहण:
वि.सं.
२०७९ भाद्र २५

स्व. प्रेम बहादुर घिमिरे खत्री

यस कार्यालयका निर्देशक श्री प्रकाश कुमार खत्रीज्यूका पूजनीय बुवा प्रेम बहादुर घिमिरे खत्रीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९२

स्वर्गारोहण:
वि.सं.
२०७९

स्व. पवित्रा विष्ट

यस कार्यालयका उप-महालेखापरीक्षक श्री विन्दु विष्टज्यूका पूजनीय आमा पवित्रा विष्टको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार